‘मजदुर’
विज्ञापन शाखा
कमलविनायक, नगांचा, भक्तपुर-१०
फोन नं.: ०१-६६१९१०७
विज्ञापनको लागि
Viber No.: 9744424465
Gmail:
majdurdailybigyapan@gmail.com
मजदुर
The Worker Daily दैनिक

भ.पु.जि.प्र.का.द.नं. २६/२०५५/५६
भ.पु.जि.हु.का.द.नं. २/०७०/७१

# मजदुर


The Worker Daily दैनिक

Website : www.onlinemajdoor.com

‘मजदुर’ दैनिक पत्रिका
नियमित पढ्ने गरौँ ।
नयाँ ग्राहक बन्न चाहनुहुने महानुभावहरूले
मो.नं. ९८०३६८७३२३ मा
सम्पर्क राखी थप जानकारी
प्राप्त गर्न सकिनेछ ।
मजदुर
The Worker Daily दैनिक

★ वर्ष : २८ ★ अङ्क : २१७ ★ ने. सं. ११४६ गुँला थ्व, पूर्णिमा ★ शुक्रबार ★ १२ भदौ, २०८३ ★ August 28, 2026, Friday ★ मूल्य रु. ५।– ★ पृष्ठ ८

## अकल्पनीय जनधनको क्षतिप्रति नेमकिपाद्वारा गहिरो दुःख प्रकट



नेपाल मजदुर किसान पार्टी
केन्द्रीय समिति
गोल्मढी, भक्तपुर – ७

फोन : ६६१०९७४
६६१००२६
फ्याक्स : ९७७-१-६६१३२०७
इ-मेल : nwpp@ntc.net.np

च.नं.
मिति : २०८३ भाद्र ११ गते

प्रेस वक्तव्य

यही भाद्र १० गते बुधबार बिहान करिब ९ बजे अचानक भोटेकोशी नदीमा आएको भेलबाढी र पहिरोले रसुवा, नुवाकोट, धादिङ जिल्लामा पुऱ्याएको अकल्पनीय जनधनको क्षतिप्रति नेपाल मजदुर किसान पार्टी गहिरो दुःख व्यक्त गर्दछ ।

यो भेलबाढी तथा डुबानमा परेकाको खोजी, उद्धार, राहत, पुनःस्थापना तथा घाइतेहरूको यथोचित उपचारको बन्दोवस्त तत्काल गर्न हामी नेमकिपाका नेता, कार्यकर्ता र शुभेच्छुकहरू नेपाल सरकारको गम्भीर ध्यानाकर्षण गराउँदछौँ ।

यो विपद्को समयमा सबै नेपाली जनता एकजुट भइ उद्धार, राहत र पुनःस्थापनाको कार्यमा लाग्नु पहिलो कर्तव्य भएको यहाँ जोड दिन्छौँ ।

यो विपत्तिमा जीवन गुमाएका नेपाली र विदेशी नागरिकहरूप्रति पार्टी हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछ र शोकाकूल परिवारजनमा समवेदना व्यक्त गर्दछ । यो विपत्तिमा नैतिक, भौतिक एवम् आर्थिक सहयोग गर्ने सबैप्रति पार्टी धन्यवाद ज्ञापन गर्दछ । साथै प्रभावित क्षेत्रमा सम्भावित स्वास्थ्य सङ्कटलाई ध्यानमा राखी स्वास्थ्य टोली परिचालन एवम् शीघ्र स्वास्थ्य सामग्री उपलब्ध गराउन आह्वान गर्दछौँ ।

पार्टीले २५-३० वर्ष अघिदेखि पानीको बहाव नाप्ने हाइड्रो ल्याव बनाउनुपर्ने विषय उठाउँदै आएकोलाई अहिलेसम्मका सरकारहरूले बेवास्ता गर्दा जनधनको क्षति बढ्यो । ढिलै भए पनि हाइड्रो ल्याव निर्माण गरी थप जनधनको क्षति रोक्नु आवश्यक छ ।

प्राकृतिक विपद्बारे समयमा पूर्वसूचना प्राप्तिको संयन्त्र निर्माणमा सरकारले छिमेकी मित्र देश चीनसँग समेत सहकार्य गर्नु जरुरी भएकोतर्फ पनि सरकारको ध्यानाकर्षण गराउँदछौँ । उच्च जोखिम कायम नै रहेको र पुनः बाढी आउने अनुमानलाई ध्यानमा राखी सजगता अपनाउन आह्वान गर्दछौँ ।

भेलबाढीबाट प्रभावित हुन सक्ने महाकाली, कर्णाली, कोशी, मेची नदीलगायतको छेउछाउका वस्तीहरूको अध्ययन गरी ती वस्तीलाई सरकारले सुरक्षित स्थानमा स्थानान्तरण गर्न अथवा उपयुक्त विकल्पको तयारी गर्न पनि नेमकिपा आह्वान गर्दछ ।

सुरेन्द्रराज गोसाई
सदस्य, केन्द्रीय समिति
संसदीय दलका नेता, बागमती प्रदेश सभा

काठमाडौँ, ११ भदौ । बुधबार भोटेकोसी नदीमा आएको भेलबाढी र पहिरोले रसुवा, नुवाकोट, धादिङ जिल्लामा पुऱ्याएको अकल्पनीय जनधनको क्षतिप्रति दुःख प्रकट गर्दै नेपाल मजदुर किसान पार्टीले बिहीबार प्रेस विज्ञप्ति निकालेको छ । पार्टी केन्द्रीय सदस्य एवं नेमकिपा बागमती प्रदेशसभा संसदीय दलका नेता सुरेन्द्रराज गोसाईको हस्ताक्षरमा बिहीबार प्रकाशित विज्ञप्तिमा भनिएको छ –

“यही भाद्र १० गते बुधबार बिहान करिब ९ बजे अचानक भोटेकोसी नदीमा आएको भेलबाढी र पहिरोले रसुवा, नुवाकोट, धादिङ जिल्लामा पुऱ्याएको अकल्पनीय जनधनको क्षतिप्रति नेपाल मजदुर किसान पार्टी गहिरो दुःख व्यक्त गर्दछ ।

यो भेलबाढी तथा डुबानमा परेकाको खोजी, उद्धार, राहत, पुनःस्थापना तथा घाइतेहरूको यथोचित उपचारको बन्दोबस्त तत्काल गर्न हामी नेमकिपाका नेता, कार्यकर्ता र शुभेच्छुकहरू नेपाल सरकारको गम्भीर ध्यानाकर्षण गराउँदछौँ ।

यो विपद्को समयमा सबै नेपाली जनता एकजुट भई उद्धार, राहत र पुनःस्थापनाको कार्यमा लाग्नु पहिलो कर्तव्य भएको यहाँ जोड दिन्छौँ ।

यो विपत्तिमा जीवन गुमाएका नेपाली र विदेशी नागरिकहरूप्रति पार्टी हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछ र शोकाकुल परिवारजनमा समवेदना व्यक्त गर्दछ । यो विपत्तिमा नैतिक, भौतिक एवम् आर्थिक सहयोग गर्ने सबैप्रति पार्टी धन्यवाद ज्ञापन गर्दछ । साथै प्रभावित क्षेत्रमा सम्भावित स्वास्थ्य सङ्कटलाई ध्यानमा राखी स्वास्थ्य टोली परिचालन एवम् शीघ्र स्वास्थ्य सामग्री उपलब्ध गराउन आह्वान गर्दछौँ ।

पार्टीले २५-३० वर्ष अघिदेखि पानीको बहाव नाप्ने हाइड्रो ल्याव बनाउनुपर्ने विषय उठाउँदै आएकोलाई अहिलेसम्मका सरकारहरूले बेवास्ता गर्दा जनधनको क्षति बढ्यो । ढिलै भए पनि हाइड्रो ल्याव निर्माण गरी थप जनधनको क्षति रोक्नु आवश्यक छ ।

प्राकृतिक विपद्बारे समयमा पूर्वसूचना प्राप्तिको संयन्त्र निर्माणमा सरकारले छिमेकी मित्र देश चीनसँग समेत सहकार्य गर्नु जरुरी भएकोतर्फ पनि सरकारको ध्यानाकर्षण गराउँदछौँ । उच्च जोखिम कायम नै रहेको र पुनः बाढी आउने अनुमानलाई ध्यानमा राखी सजगता अपनाउन आह्वान गर्दछौँ ।

भेलबाढीबाट प्रभावित हुन सक्ने महाकाली, कर्णाली, कोसी, मेची नदीलगायतको छेउछाउका बस्तीहरूको अध्ययन गरी ती बस्तीलाई सरकारले सुरक्षित स्थानमा स्थानान्तरण गर्न अथवा उपयुक्त विकल्पको तयारी गर्न पनि नेमकिपा आह्वान गर्दछ ।”

## बाढीको कारण हिउँ–चट्टानको हिमपहिरो तल्लो तटीय क्षेत्रमा सजगता अपनाउन आग्रह

**भीष्मराज ओझा**

काठमाडौँ, ११ भदौ । रसुवामा बुधबार बिहान आएको भीषण आकस्मिक बाढीले ठुलो जनधनको क्षति पुऱ्याएको छ । भोटेकोसी र त्रिशुली नदी प्रणाली हुँदै पानी, गेग्रान र ठुला ढुङ्गासहितको शक्तिशाली बाढी बगेपछि तल्लो तटीय क्षेत्रमा थप असर पर्न सक्ने भन्दै विज्ञहरूले सजगता अपनाउन आग्रह गरेका छन् ।



बुधबार बिहान करिब ९:०० बजे भोटेकोसी जलाधार क्षेत्रमा पानीको सतह तीव्र रूपमा बढ्न थालेको थियो । बाढीले रसुवा, नुवाकोट र धादिङमा ठुलो क्षति पुऱ्याएको छ ।

अन्तर्राष्ट्रिय एकीकृत पर्वतीय विकास केन्द्र (इसिमोड) तथा नेपाल र चीनका साझेदार संस्थाका वैज्ञानिकले यो बाढी उच्च हिमाली क्षेत्रमा उत्पन्न हिउँ-चट्टानको हिमपहिरो (आइस-रक एभालान्च) का कारण आएको हुन सक्ने विषयमा अनुसन्धान गरिरहेका छन् ।

भिडियो फुटेज तथा प्रभावित क्षेत्रबाट प्राप्त सूचनाका आधारमा गरिएको प्रारम्भिक मूल्याङ्कनअनुसार ठुलो परिमाणमा हिउँ र चट्टानको गेग्रान भोटेकोसी नदीको सहायक नदी ल्हेन्दे खोलामा खसेको हुन सक्छ । अनुसन्धानकर्ताका अनुसार उक्त घटनाले अचानक ठुलो बहाव सिर्जना गरेको हुन सक्छ, जसले पानी, गेग्रान र ठुला ढुङ्गाहरूलाई तल्लो तटतर्फ बगाएको थियो ।

जलविज्ञानसम्बन्धी अवलोकनले बाढीको बहावको गति र परिमाण असाधारण रहेको देखाएको छ । गल्छीमा त्रिशुली नदीको पानीको सतह ३० मिनेटमा नौ मिटरसम्म बढेको तथा मलेखुमा सोही अवधिमा सात मिटरले बढेको बताइएको छ ।

त्रिशुली नदीको किनारमा रहेका धेरै पानी मापन केन्द्र बाढीका क्रममा क्षतिग्रस्त वा बगाएको बताइएको छ । यद्यपि, गल्छीको पानी मापन केन्द्र भने सञ्चालनमै रहेको इसिमोडले जनाएको छ ।

विशेषज्ञले गेग्रानले नदीको साँघुरो भागमा अस्थायी रूपमा नदी थुनेर पहिरो बाँध (ल्यान्डस्लाइड ड्याम) बनाएको थियो कि थिएन भन्ने विषयमा पनि मूल्याङ्कन गरिरहेका छन् । यस्तो अवरोधका कारण जम्मा भएको पानी अचानक बाहिर निस्किएमा दोस्रो चरणको जोखिम उत्पन्न हुन सक्छ । सम्भावित अवरोधको आकार, स्थान र स्थायित्वबारे अधिकारी तथा वैज्ञानिकहरूले निरन्तर मूल्याङ्कन गरिरहेका छन् ।

विपद्को समयमा ‘रेकर्ड’ गरिएका भूकम्पीय तथ्याङ्कको प्रारम्भिक विश्लेषणले असामान्य सङ्केत पहिचान गरेको छ । प्रभावित क्षेत्रबाट उत्तरतर्फ करिब १२ किलोमिटर टाढा जिलुङमा रहेको भूकम्पमापन केन्द्रले असामान्य सङ्केत रेकर्ड गरेको थियो भने झाङ्मुस्थित अर्को केन्द्रले पनि असमान्य गतिविधि रेकर्ड गरेको थियो ।

वैज्ञानिकहरूले ती सङ्केत सम्भावित हिमपहिरोसँग सम्बन्धित छन् कि छैनन् भन्ने अध्ययन गरिरहेका छन् । हालसम्म भूकम्पीय गतिविधि र बाढीबिच कुनै कारणात्मक सम्बन्ध स्थापित भएको छैन ।

इसिमोडका जलवायु तथा वातावरणीय जोखिम प्रमुख स्याङ्गोङ झाङले गत वर्षको रसुवा बाढीबाट ध्वस्त भएको यही क्षेत्र फेरि एकपटक जोखिममा परेको बताउँदै ल्हेन्दे खोलामा आएको बाढीको सम्भावित कारण हिमपहिरो भएको उल्लेख गर्नुभयो ।

“नेपाल–चीन सीमास्थित नदीको माथिल्लो क्षेत्रमा अझै अवरोध कायम

बाँकी पृष्ठ ८ मा

भक्तपुर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
ब्यासी-२, भक्तपुर


**युवा उद्यमशीलता प्रवर्द्धन ऋणसम्बन्धी सूचना**

प्रथमपटक प्रकाशित मितिः २०८३/०५/१० गते

आ.व. २०८३/०८४ को लागि भक्तपुर नगरपालिका क्षेत्रभित्रका १६ देखि ४५ वर्षसम्मका बेरोजगार एवं आर्थिक रूपले कमजोर तथा विपन्न युवाहरूलाई उद्यमशील बनाउन भक्तपुर नगरपालिका, युवा उद्यमशीलता प्रवर्द्धन ऋण परिचालन सम्बन्धमा बनेको कार्यविधि, २०७९ अनुसार युवाहरूलाई युवा उद्यमशिलता प्रवर्द्धन ऋण प्रदान गर्ने भएकोले युवा उद्यमशिलता प्रवर्द्धन ऋण लिन चाहने नगरवासीहरूले यो सूचना प्रकाशित भएको मितिले ३० (तीस) दिनभित्र देहायका कागजातसहित भक्तपुर नगरपालिकाको प्रशासन शाखामा कार्यालय समयमा दर्खास्त दिनुहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

१. तोकिएको ढाँचामा निवेदन,
२. सम्बन्धित वडा कार्यालयको युवा उद्यमशिलता प्रवर्द्धन ऋणको लागि सिफारिसपत्र,
३. निवेदक र अभिभावकको नागरिकता प्रतिलिपि,
४. परिवारका सदस्यहरूमध्ये सम्भव भएसम्म दुई जनाको सहमतिपत्र,
५. सम्बन्धित व्यवसायको व्यवसायिक परियोजना प्रस्ताव,
६. भ.न.पा. मा व्यवसाय दर्ता गरेको प्रमाणपत्र,

**व्यङ्ग्यचित्रको कुनो**






भक्तपुर नगरपालिका वडा नं. २ स्थित सहिदस्मृति खेल मैदा नजिक कालदह पोखरी सरसफाइ गर्दै स्थानीय बिहीबार । हरेक जनैपूर्णिमाको दिन त्यस पोखरीमा मेला लाग्ने गर्छ । *तस्बिर मजदुर दैनिक*

# ‘हाम्रो भान्सा, हाम्रो स्वास्थ्य’ विषयक प्रवचन कार्यक्रम

भक्तपुर, ११ भदौ । नेपाल क्रान्तिकारी महिला सङ्घ चोर्चा एकाइ समिति र चोर्चा बुहारी समुहको संयुक्त आयोजनामा विशेष महिला भेला तथा प्रवचन कार्यक्रम सम्पन्न भयो । उक्त कार्यक्रम ‘हाम्रो भान्सा, हाम्रो स्वास्थ्य’ विषयमा केन्द्रित थियो ।

कार्यक्रममा भनपा वडा नं. ७ का वडाध्यक्ष उकेश कवांले नेपालभाषा र साहित्यको प्रवर्द्धनलाई सशक्त रूपमा सफल पार्न आर्थिक, भौतिक र नैतिक रूपमा सहयोग पुऱ्याउन सम्पूर्ण महिला दिदीबहिनीहरूलाई आग्रह गर्नुभयो ।

स्थानीय विष्णुराम दुमरुले ‘भक्तपुर काण्ड’ मा षड्यन्त्र र जालसाजी मुद्दा लगाएर भक्तपुरका निर्दोष जनतालाई फसाइएको विषयमा स्पष्ट पार्नुभयो ।

नेपाल क्रान्तिकारी महिला सङ्घ भक्तपुर नगर समितिका प्रतिनिधि छोरीमैया सुजखूले घरका महिलाहरू सशक्त र शिक्षित भएमा सिङ्गो घर-परिवार नै शिक्षित हुने धारणा राख्नुभयो ।

स्वास्थ्य परामर्शदाता एवं सहप्राध्यापक पुण्यश्वरी सुवालले महिलाहरूलाई खानपानको स्वच्छता, पोषण र दैनिक स्वास्थ्य प्रवर्द्धनसम्बन्धी महत्त्वपूर्ण व्यावहारिक परामर्श प्रदान गर्नुभयो ।

नारांदेवी दुमरूको सभापतित्वमा भएको सो कार्यक्रममा जसतारा कोजुले पनि बोल्नुभएको थियो ।

# कार्यविधि नबन्दै निर्णय लाद्नु विधिको शासनविपरीत

भक्तपुर, ११ भदौ । भक्तपुर जिल्ला बचत तथा ऋण सहकारी सङ्घ लिमिटेडको आयोजनामा संशोधित सहकारी ऐन २०७४ र सहकारी रजिस्ट्रार कार्यालयले हालै जारी गरेको निर्देशनको विषयमा भक्तपुर बचत तथा ऋण सहकारी संस्थाको सभाहल, च्याम्हासिंहमा एक बृहत् जानकारीमूलक अन्तरक्रिया कार्यक्रम सम्पन्न भयो ।

उक्त कार्यक्रममा सरकारले आवश्यक कार्यविधि नै तयार नगरी सहकारी रजिस्ट्रार कार्यालयले एकीकरण वा बैङ्क गठनको निर्णय लाद्न खोजेको भन्दै आपत्ति जनाइएको छ ।

कार्यक्रममा सङ्घका अध्यक्ष हरिकृष्ण बल्लले संशोधित सहकारी ऐनले सङ्घहरूलाई कारोबार व्यवस्थापनका लागि तीन वर्षको समय सीमा दिएको स्मरण गराउनुभयो । ऐनको उक्त प्रावधानविपरीत रजिस्ट्रार कार्यालयले नयाँ बचत तथा ऋण रोक्का गरी चालू आर्थिक वर्षकै साधारणसभाबाट सहकारी बैङ्क गठन वा एकीकरणको निर्णय गर्न दबाब दिनु गैरकानुनी भएको उहाँको भनाइ थियो ।

“सहकारी सङ्घहरूले बैङ्क खोल्न वा एकीकरणमा जान आवश्यक पर्ने कार्यविधि नै अहिलेसम्म जारी भएको छैन,” अध्यक्ष बल्लले भन्नुभयो ।

सङ्घका निवर्तमान अध्यक्ष कृष्णगोविन्द लाखाजुले सङ्घसँग वर्तमान चुनौती सामना गर्न सक्ने पर्याप्त सक्षमता रहेको प्रस्ट पार्नुभयो । उहाँले सङ्घको दीर्घकालीन अस्तित्व र दिगो विकास सुनिश्चित हुने गरी सदस्य संस्थाहरूको व्यापक छलफलबाट उपयुक्त विकल्प छनोट गरिनुपर्ने धारणा राख्नुभयो ।

सङ्घका उपाध्यक्ष जगन्नाथ प्रजापतिले संशोधित ऐनका नयाँ व्यवस्था र रजिस्ट्रार कार्यालयको पछिल्लो निर्देशनबारे सदस्य संस्थाहरूलाई स्पष्ट पार्दै आगामी रणनीतिका लागि राय-सुझाव सङ्कलन गर्ने उद्देश्यले कार्यक्रम आयोजना गरिएको बताउनुभयो । सङ्घका प्रमुख कार्यकारी अधिकृत बालकृष्ण धोजुले संशोधित सहकारी ऐन २०७४ र सहकारी रजिस्ट्रार कार्यालयले जारी निर्देशनबारे जानकार ी दिनुभयो ।

कार्यक्रममा भक्तपुर जिल्लाभरिका विभिन्न सदस्य सहकारी संस्थाहरूबाट अध्यक्ष, सञ्चालक, व्यवस्थापक तथा प्रतिनिधिहरू गरी कुल १०६ जनाको उपस्थिति रहेको थियो । सङ्घका सचिव कान्छाभक्त घजुले सञ्चालन गरेको सो कार्यक्रममा सहभागीहरूले नीतिगत अन्योलताका बिच सङ्घले लिएको अगुवाइको सराहना गर्दै आवश्यक कानुनी स्पष्टताका लागि निरन्तर पहल गर्न सुझाव दिएका थिए ।

# भक्तपुर रेडक्रसको जिल्ला समिति भङ्ग, तदर्थ समिति गठन

भक्तपुर । नेपाल रेडक्रस सोसाइटीको केन्द्रीय कार्यालयकै निर्देशनअनुसार निर्वाचन सम्पन्न गरेको भक्तपुर जिल्ला शाखाको कार्यसमिति भङ्ग गरी नयाँ तदर्थ समिति गठन गरिएको भन्दै विवाद उत्पन्न भएको छ ।

भक्तपुर जिल्ला शाखाका पदाधिकारीहरूले केन्द्रीय कार्यालयले २०८० कार्तिक २२ गते पठाएको पत्रमा जिल्ला शाखाको निर्वाचन गर्न निर्देशन दिएको र त्यसपछि २०८० माघ १० गते अर्को पत्र पठाएर निर्वाचन अधिकृतसमेत तोकी २०८० फागुन मसान्तभित्र निर्वाचन सम्पन्न गर्न पत्राचार गरेको रेडक्रस केन्द्रले हाल निर्वाचन नै वैधानिक नभएको भन्दै अर्को समिति गठन गर्नु अचम्म भएको जानकारहरू बताउँछन् ।

उक्त निर्देशनअनुसार भक्तपुर जिल्ला शाखाले २०८० फागुन ७ गते नै निर्वाचन सम्पन्न गरेको थियो । केन्द्रले तोकेको समय सीमाभित्रै निर्वाचन सम्पन्न हुँदाहुँदै अहिले माघ मसान्तभित्र निर्वाचन नगरेको भन्ने आधार देखाएर जिल्ला समिति भङ्ग गरिनु भक्तपुर रेडक्रसलाई डुबाउने खेल भएको जानकारहरू बताउँछन् ।

जिल्ला शाखाका पदाधिकारीहरूका अनुसार हाल भक्तपुरमा समानान्तर समिति सक्रिय रहेको अवस्थामा केन्द्रीय कार्यालयले निर्वाचित जिल्ला कार्यसमिति भङ्ग गरी अर्को तदर्थ समिति गठन गरेको छ । उनीहरूले यस निर्णयलाई केन्द्रकै पूर्वनिर्देशनसँग बाझिने र विधि तथा प्रक्रियाविपरीत भएको बताएका छन् ।

भक्तपुर जिल्ला शाखाका सरोकारवालाले केन्द्रले आफैँ दिएको निर्देशनअनुसार सम्पन्न भएको निर्वाचनलाई बेवास्ता गर्दै समिति भङ्ग गर्नु अन्यायपूर्ण भएको भन्दै निर्णय पुनर्विचार गर्न माग गरेका छन् ।

यस्तै भक्तपुरमा निर्वाचनपश्चात् पनि केन्द्रले अर्को समिति बनाएर पठाएको भन्दै २०८० मा नै रेडक्रस कब्जा गर्न आएको टोलीले हाल रेडक्रस कब्जा गरेको अवस्था रहेको छ । न कुनै समितिमा सक्रिय भएर कार्य गरेका न वडादेखि नगर हुँदै प्रतिनिधि आएर निर्वाचित भएका उनीहरूबाट रेडक्रसले कुनै अपेक्षा गर्न नसक्ने जानकारहरू बताउँछन् ।

सत्ता र शक्तिका भरमा भक्तपुर रेडक्रस कब्जा गर्नुको सट्टा नियमित प्रक्रियाबाट रेडक्रसमा निर्वाचित भएर आएको भए उत्तम हुने थियो । मानवीय सेवामा सक्रिय रेडक्रसमा भएका अस्वाभाविक क्रियाकलापले रेडक्रस भक्तपुरमा नराम्रो असर त पर्ने होइन ?

# ऐतिहासिक सम्पदा संरक्षणमा सहकारीको जोड

भक्तपुर, ११ भदौ । इन्द्रायणी बचत तथा ऋण सहकारी संस्था लिमिटेडले नियमित सामाजिक उत्तरदायित्व कार्यक्रमअन्तर्गत भक्तपुरको औद्योगिक क्षेत्रस्थित प्रसिद्ध कालदहमा सरसफाइ गरेको छ ।

धार्मिक तथा सांस्कृतिक दृष्टिले अत्यन्त महत्त्वपूर्ण यस कालदहमा स्नान गर्दा गोसाईकुण्डमा स्नान गरे सरहको पुण्य प्राप्त हुने जनविश्वास रहिआएको छ । ऐतिहासिक र धार्मिक महत्त्व बोकेको स्थलको संरक्षणका लागि भ.न.पा. को ‘एक संस्था, एक सम्पदा’ अभियानअन्तर्गत यस संस्थाले विगतदेखि नै कालदहलगायत र हाकुफोहिटि, इन्द्रायणी पीठ क्षेत्रमा नियमित रूपमा सरसफाइ गर्दै आएको छ ।

यस वर्ष पनि स्थानीय बासिन्दा, संस्थाका सञ्चालक समिति, उपसमिति, सस्थापक सदस्यहरूको सहभागितामा सरसफाइ कार्यक्रम सम्पन्न गरिएको छ ।

कार्यक्रममा संस्थापक अध्यक्ष इन्द्र देउपालाले सहकारीले आर्थिक कारोबार र लाभांश वितरणमा मात्र सीमित नरहेर समाजप्रतिको उत्तरदायित्वलाई प्राथमिकतामा राख्दै आएको बताउनुभयो । उहाँले भन्नुभयो, “सार्वजनिक तथा ऐतिहासिक सम्पदाहरूको संरक्षण गर्नु हामी सबैको साझा दायित्व हो । हाम्रो संस्थाले सामाजिक कार्यअन्तर्गत सामाजिक तथा सांस्कृतिक सम्पदाको जगेर्ना मात्र नभई बाजा, बाँसुरीलगायतका मौलिक सांस्कृतिक तालिम तथा सदस्यहरूलाई आत्मनिर्भर बनाउने व्यावसायिक तालिमसमेत नियमित रूपमा सञ्चालन गर्दै आएको छ ।

# खेलकुद छाड्दै मोबाइलमा रमाउँदै बालबालिका

**- कृष्टिना कोजु, प्रशिक्षार्थी**

भक्तपुर, ११ भदौ । विद्यालयबाट घर फर्किएपछि बालबालिकाहरू साथीहरूसँग बाहिर खेल्न जाने गर्थे । कोही फूटबल खेल्थे, कोही साइकल चलाउँथे, कोही लुकामारी खेल्थे, कोही दौडिन्थे त कोही घर आँगनमै विभिन्न खेल खेल्थे । अहिले भने त्यो दृश्य धेरै ठाउँमा बदलिएको छ । खेल्ने समयमा मोबाइल फोनमै बिताउन थालेका बालबालिका घरभित्रै बसेर भिडियो हेर्ने, मोबाइल गेम खेल्ने र सामाजिक सञ्जालमा समय बिताउने गरेका छन् ।

आज मोबाइल फोन बालबालिकाका लागि नयाँ कुरा होइन । पढाइका लागि जानकारी खोज्न, अनलाइन कक्षा बस्न, शैक्षिक सामग्री हेर्न मोबाइल उपयोगी साधन बनेको छ । तर, आवश्यकताभन्दा बढी समय मोबाइलमा बिताउन थालेपछि बालबालिकाको दैनिक जीवनमा असर देखिन थालेका छन् ।

कोरोना महामारीपछि बालबालिकाको मोबाइल प्रयोगमा पनि ठुलो परिवर्तन आएको देखिन्छ । महामारीको समयमा विद्यालय बन्द हुँदा पढाइका लागि अनलाइन कक्षा सञ्चालन हुन थाले । त्यसका लागि मोबाइल, कम्प्युटरको प्रयोग आवश्यक भयो । सुरुमा पढाइका लागि प्रयोग गरिएको मोबाइलपछि बिस्तारै मनोरञ्जनको माध्यम र साधन पनि बन्न पुग्यो । अनलाइन कक्षापछि भिडियो हेर्ने, मोबाइल गेम खेल्ने तथा अन्य डिजिटल सामग्रीमा समय बिताउने बानी धेरै बालबालिकामा बढ्न थाल्यो ।

बालबालिकामा मोबाइलप्रति आशक्ति बढ्दो छ । मोबाइल पाएपछि उनीहरू सबै कुरा भुल्छन् । एउटै कोठाभित्र, एउटै पलङ्मा वा एउटै सोफामा बसेर घण्टौं बिताइदिन्छन् । यसरी मोबाइल खेल्न पाएपछि न भोक लागेको थाहा पाउँछन् न तिर्खा लागेको पनि थाहा पाउँछन् । एकै ठाउँमा खुम्चिएर बसेपछि उनीहरूको सम्पूर्ण ध्यान स्किनमा हुन्छ । आफ्नो आसपासमा के भइरहेको छ भन्ने कुरा थाहा पाउँदैनन् ।

कतिपय अभिभावकलाई लाग्छ, बालबालिकालाई मोबाइल दिएपछि झै-झगडा गर्दैनन् । फोहोर खेल्दैनन् । घरको सरसामान बिगार्दैनन् । कचकच गर्दैनन् । खानेकुरा माग्दैनन् । एकै ठाउँ बसिरहन्छन् । कतिपय अभिभावकलाई के पनि लाग्छ भने, आफ्ना बालबालिकाले मोबाइलमा धेरै कुरा चलाउन सिके । आफूले समेत नजानेका कुरा बच्चाले सिके । जबकि बालबालिकामा मोबाइलप्रतिको यो आशक्ति आफैमा खुसीको कुरा होइन । बरु यसले बालबालिकाको शारीरिक र मानसिक विकासमा अवरोध पुऱ्याइरहेको छ ।

मोबाइलमा गेम (खेल) खेल्ने कुरा नयाँ पुस्ताका लागि दैनिकी जस्तो भएको छ । मोबाइलमा गेमको लतले गर्दा कतिपय बालबालिका सामाजिक रूपमा घुलमिल हुन सकेका छैनन् । बढी गेम खेल्दा शारीरिक रूपमा समस्या आउनुका साथै पैसा गुमाएका समाचारहरू पनि आइरहन्छन् । मोबाइल खराब छैन । सही तरिकाले प्रयोग गर्दा बालबालिकाले धेरै कुरा सिक्न सक्छन् । शैक्षिक भिडियो, डिजिटल पुस्तक, नयाँ भाषा सिक्ने सामग्रीले सिकाइमा मद्दत पुऱ्याउँछ । समस्या मोबाइलको प्रयोगमा होइन, मोबाइलले खेल्ने, पढ्ने, परिवारसँग कुरा गर्ने र अन्य गतिविधिहरूबिच सन्तुलन आवश्यक छ । विद्यालय र समाजले मोबाइलबाट टाढा राख्न मद्दत गर्न सक्छन् । विद्यालयमा खेलकुद कार्यक्रम चलाउँदा, विद्यार्थीहरूलाई खेलमा भाग लिन लगाउँदा, खेलमैदान राम्रो बनाउँदा बालबालिका बाहिरी गतिविधिमा आकर्षित हुन्छन् । घर बाहिर सुरक्षित खेल्ने ठाउँ कम हुँदा बालबालिका घरभित्रै बस्न सक्छन् । त्यसैले, समुदायले बालबालिकाका लागि सुरक्षित खेल्ने स्थान बनाउने र विकास गर्ने काम गर्नुपर्छ । सन्तुलित प्रयोग आवश्यक छ । बालबालिकालाई ‘मोबाइल नचलाउ’ भन्ने मात्र होइन, मोबाइलको सही प्रयोग सिकाउनु राम्रो हुन्छ । अभिभावकले बच्चासँग मिलेर दिनचर्या गर्न, पढाइ, खेल, परिवार मनोरञ्जन आदि सबैको लागि समय छुट्याइन्छ । मोबाइल प्रयोग गर्दा उमेर अनुसार सामग्री हेर्नु, लामो समय स्क्रिनमा नबस्नु, बिचमा बाहिरी गतिविधि गर्ने बानी बसाल्न सहयोग गर्नुपर्छ ।

**बाढीको...**

बाढीको...

रहेकाले अधिकारीहरूले दोस्रो बाढी आउन सक्ने चेतावनी दिएका छन् र जिलुङ बन्दरगाह सुरक्षित स्थानमा सार्ने आदेश अहिले नै जारी गरिएको छ,” उहाँले भन्नुभयो ।

बाढीका कारण प्रभावित क्षेत्रमा जलविज्ञान मापन केन्द्रलगायतका पूर्वाधारमा ठुलो क्षति पुगेको बताइएको छ । भोटेकोसी नदी तथा यससँग जोडिएका नदी प्रणालीका किनारमा धेरै जलविद्युत् आयोजना छन् ।

**सीमापार विपद् जोखिमको सामना गर्न क्षेत्रीय सहकार्य आवश्यक**

इसिमोडका वरिष्ठ ‘क्रायोस्फियर विशेषज्ञ’ (हिमनदी, हिउँको अवस्था, जलवायु परिवर्तनको प्रभाव र हिमताल फुट्नेजस्ता जोखिमको अध्ययन गर्ने वैज्ञानिक) मोहम्मद फारुक आजमले क्रायोस्फियरसँग सम्बन्धित जोखिमको बढ्दो आवृत्ति पहिलेभन्दा स्पष्ट रूपमा देखिन थालेको बताउनुभयो ।

“परिवर्तनको गति यति तीव्र छ कि विद्यमान प्रयासहरू त्यससँग जुध्न कठिनाइमा परिरहेका छन् । बिहीबार ल्हेन्दे खोलामा भएको विपद्ले सीमापार जोखिमको सामना गर्न अझ बलियो क्षेत्रीय सहकार्य आवश्यक रहेको देखाएको छ । सीमापार जोखिमको प्रतिकार्यका लागि सरकारले समन्वयात्मक रूपमा काम गर्नुपर्छ,” उहाँले भन्नुभयो ।

इसिमोडका विज्ञले घटनाको कारण र तल्लो तटीय समुदायमा जारी जोखिमलाई अझ राम्रोसँग बुझ्न जलविज्ञान, भूकम्पीय, रिमोट सेन्सिङ तथा स्थलगत तथ्याङ्कको विश्लेषण जारी राखेको जनाएका छन् । इसिमोडले नेपाल सरकार, वैज्ञानिक संस्थाहरू तथा चीनका साझेदारसँग मूल्याङ्कनको काम जारी रहँदा नजिकबाट सम्पर्क र समन्वय गरिरहेको जनाएको छ ।

इसिमोडका महानिर्देशक पेमा ग्याम्त्सोले अचानक र अप्रत्याशित रूपमा आएको दु:खद विपद्बाट मर्माहत भएको उल्लेख गर्दै यो कठिन समयमा नेपालका जनता र सरकारप्रति ऐक्यबद्धता व्यक्त गर्नुभयो । उहाँले पीडित तथा उनीहरूका परिवार र प्रभावित सबैप्रति समवेदना प्रकट गर्दै सम्भव भएसम्म सहयोग गर्ने प्रतिबद्धता व्यक्त गर्नुभयो ।

वैज्ञानिकहरूले हिन्दूकुश हिमालय क्षेत्रमा जलवायु परिवर्तनका कारण हिमनदी, हिउँको अवस्था, पर्माफ्रस्ट (स्थायी रूपमा जमेको भू-सतह) तथा हिमाली भिरालो भूभागमा परिवर्तन भइरहेको भए पनि यस विशेष घटनामा जलवायु परिवर्तनको भूमिका के थियो भन्ने निर्धारण गर्न अहिले नै हतार हुने बताएका छन् । *रासस*

## सङ्क्षिप्त समाचार

## भक्तपुर काण्डबाट सिक्दै जानुपर्ने

दैलेख, ११ भदौ । नेमकिपा चामुण्डा बिन्द्रासैनी वडा नं. ३ को आयोजनामा 'भक्तपुर काण्ड' बारे सुसूचित पार्न कार्यकर्ताहरूबिच बुधबार प्रशिक्षण कार्यक्रम भयो । उक्त कार्यक्रममा पार्टीका केन्द्रीय सदस्य जग्यबहादुर शाहीले निरङ्कुश पञ्चायती सरकारको ज्यादतीको विरोध गर्दै भक्तपुर काण्डबाट सिक्दै जानुपर्ने बताउनुभयो ।

पक्षपातपूर्ण राहत वितरण गर्दा पीडित जनताको आक्रोश बढेको उल्लेख गर्दै उहाँले षड्यन्त्रकारीहरू नयाँ रूप लिएर आउन सक्छन् भन्नुभयो ।

नेमकिपा जिल्ला समितिका अध्यक्ष खगेन्द्रबहादुर शाहीले पुँजीपतिवर्गले कामदारवर्गमाथि दमन गर्दै जाँदा कामदारवर्ग अझ बढी सशक्त हुनुपर्ने आवश्यकता औँल्याउँदै भक्तपुर काण्ड गरेर आफ्नो आयु लम्ब्याउन खोज्ने पञ्चायतको चाँडै अन्त्य भएको बताउनुभयो ।

चामुण्डा बिन्द्रासैनी नगर समितिका अध्यक्ष दीपक शाहीले समाज परिवर्तनको लागि क्रियाशील कार्यकर्ताको आवश्यकता छ भन्नुभयो ।

नेमकिपा वडा नं. ३ वडा समितिका अध्यक्ष मनबहादुर विकको अध्यक्षतामा भएको कार्यक्रममा रवीन्द्र सुनारले पनि बोल्नुभएको थियो ।

## सिपाडोलमा भक्तपुर काण्डको भर्त्सना

भक्तपुर, ११ भदौ । नेमकिपा सूर्यविनायक नगरपालिका वडा नं. ८ सिपाडोलमा भक्तपुर काण्डबारे जानकारी दिन स्थानीयको भेला भयो ।

भेलामा नेमकिपा भक्तपुर जिल्ला समितिका सदस्य एवं सूर्यविनायक नगर समितिका सचिव महेन्द्र बखुन्छेले देश र जनताको नि:स्वार्थरूपले लेनिनवादी सिद्धान्तअनुसार जनताको सेवा गरेकोले नेमकिपालाई नष्ट गर्ने उद्देश्यले षड्यन्त्रमूलक तरिकाले भक्तपुर काण्ड रचिएको बताउनुभयो ।

वर्तमान सरकारले देश र जनताको सेवा र हकहितभन्दा सीमित पुँजीपति र विदेशीको हितमा काम गरिरहेको छ, उहाँले भन्नुभयो ।

आयोजक समितिका अध्यक्ष श्यामसुन्दर सुवाल र शिवजी त्वायनालगायतले बोल्नुभएको थियो ।

## दुवाकोटमा भक्तपुर काण्डको भर्त्सना

भक्तपुर, ११ भदौ । नेमकिपा चाँगुनारायण नगर समिति २ वडा एकाइ समितिको आयोजनामा बिहीबार नेमकिपाविरुद्ध राज्यस्तरबाट रचिएको 'भक्तपुर काण्ड' को भर्त्सना गर्दै प्रवचन कार्यक्रम भयो ।

कार्यक्रममा नेमकिपा चाँगुनारायण नगर समितिका अध्यक्ष एवं भक्तपुर जिल्ला उपाध्यक्ष न्हुछेभक्त फोजुले नयाँ पुस्तालाई भक्तपुर काण्डबारे प्रशिक्षित गर्नु जरुरी रहेको उल्लेख गर्दै इमानदार कार्यकर्ताहरूलाई प्रतिक्रियावादी शक्तिहरूले जुनसुकै बेला पनि षड्यन्त्र गरी फसाउन सक्नेप्रति सचेत हुनु जरुरी छ भन्नुभयो ।

गणेशराम सुवालको सभापतित्वमा भएको उक्त कार्यक्रममा गोविन्दराम सुवाल, लक्ष्मीप्रसाद तजले र रवि प्रजापतिले पनि बोल्नुभएको थियो ।

## बासु माविमा स्वास्थ्य शिविर

भक्तपुर, ११ भदौ । बासु माध्यमिक विद्यालयमा अध्ययनरत विद्यार्थीहरूको स्वास्थ्यलाई ध्यानमा राखी बिहीबार एकदिने स्वास्थ्य शिविर भयो ।

बासु माविको वार्षिक कार्यक्रमअन्तर्गत गरिएको उक्त कार्यक्रममा आँखा जाँच गरिएकामध्ये प्राय: जसोको आँखा कमजोर हुँदै गएको बताइएको छ ।

विद्यालय नर्स राजमति जतीका अनुसार स्वास्थ्य शिविर वर्षको दुईपटक हुने गरेको छ । शिविरमा प्राविधिक सहयोग ख्वप अस्पतालअन्तर्गत तिलगङ्गा आँखा केन्द्रले गरेको थियो ।

## भोटेकोसी बाढी : सुदूरपश्चिम विश्वविद्यालयका परीक्षा स्थगित

महेन्द्रनगर, ११ भदौ । कञ्चनपुरको महेन्द्रनगरस्थित सुदूरपश्चिम विश्वविद्यालयले पुन:प्रवेश परीक्षा र छात्रवृत्ति परीक्षा स्थगित गरेको छ ।

भोटेकोसी नदीमा आएको विनाशकारी बाढी तथा त्यसपछि देशभर उत्पन्न असहज परिस्थितिलाई मध्यनजर गर्दै परीक्षा स्थगित गरिएको उपकुलपति किशनदत्त भट्टले जानकारी दिनुभयो ।

उहाँले पुन:प्रवेश परीक्षा र छात्रवृत्तिसम्बन्धी परीक्षा अर्को सूचना आएपछि जानकारी हुने बताउनुभयो । भोटेकोसी बाढीमा परी सुदूरपश्चिमका ८५ जना सम्पर्कविहीन अवस्थामा छन् । **रासस**

## कृत्रिम अभाव र कालोबजारी रोक्न धादिङबेँसीमा बजार अनुगमन

धादिङ, ११ भदौ । त्रिशुली नदीमा आएको बाढीले मलेखुस्थित फुर्केखोला पुल बगाएपछि धादिङबेँसीसँगको सडक सम्पर्क अवरुद्ध भएको अवस्थामा दैनिक उपभोग्य वस्तुको कृत्रिम अभाव, अनावश्यक मूल्यवृद्धि र कालोबजारी हुन नदिन बजार अनुगमन गरिएको छ ।

नीलकण्ठ नगरपालिकाका उपप्रमुख दीपक विश्वकर्माको नेतृत्वमा बिहीबार धादिङबेँसी बजार क्षेत्रमा अनुगमन गरिएको हो । सडक सम्पर्क अवरुद्ध भएपछि खाद्यान्न, खाना पकाउने ग्यासलगायत अत्यावश्यक वस्तुको आपूर्तिमा समस्या आउन सक्ने आशङ्कासँगै अनावश्यक सञ्चय र मूल्यवृद्धि हुन नदिन अनुगमनलाई सक्रिय बनाइएको हो ।



**बाढीले क्षति बनाएको त्रिशुली बजार क्षेत्र**

रसुवाको भोटेकोसी नदीमा बुधबार आएको बाढीपछि त्रिशुली नदीमा आएको बाढीले क्षति बनाएको नुवाकोटको विदुर नगरपालिका-१ स्थित त्रिशुली बजार क्षेत्रका घर तथा बस्तीका संरचना ।

*तस्बिर: हरिराम भेटुवाल/रासस*

## भोटेकोसी बाढी : टिमुरेदेखि चितवनसम्मको प्रतिकार्य प्रयास जारी

**- अशोक घिमिरे**

काठमाडौँ, १२ भदौ । बुधबार बिहान रसुवास्थित भोटेकोसीमा आएको बाढीले रसुवा, नुवाकोट, धादिङ र गोरखा सबैभन्दा बढी प्रभावित भए । बाढीको प्रत्यक्ष असर चितवनसम्मै पुग्यो । मानवीय क्षतिका दृष्टिकोणबाट सिङ्गो मुलुक स्तब्ध छ ।

चीनसँगको सीमा नाका, गोसाइँकुण्ड मेला र मानसरोवर जाने मार्गका रूपमा समेत रहेकाले सयौँको सङ्ख्यामा पर्यटक सम्पर्कविहीन हुँदा यस घटना विश्वव्यापी चासोको विषय बनेको छ । गत वर्ष पनि ल्हेन्दे खोला हुँदै आएको बाढीले जनधनको क्षति पुऱ्याएको थियो । तर, यस वर्षको बाढी गत वर्षको भन्दा कयौँ गुणा ठूलो र शक्तिशाली भएकाले अकल्पनीय क्षति व्यहोर्नुपरेको छ ।

बाढीग्रस्त क्षेत्रमा अहिले प्रभावितको उद्धार, हराइरहेका नागरिकको खोजी तथा उद्धार गरिएका व्यक्तिको पुन:स्थापना भइरहेको छ । मुख्य प्रभावित जिल्लामा विपद् प्रतिकार्यमा के-कस्ता गतिविधि भइरहेका छन् ? यसै सन्दर्भमा राष्ट्रिय समाचार समिति (रासस) ले त्यस क्षेत्रका सांसद र सरकारी अधिकारीसँग गरेको सङ्क्षिप्त कुराकानी :

**'टेलिफोन सेवा अवरुद्ध भएकाले उद्धार र राहतमा कठिनाइ'**

**- मोहन आचार्य, प्रतिनिधिसभा सदस्य, रसुवा**

आकस्मिकरूपमा आएको बाढीबाट मुलुकको उत्तरतर्फको व्यापारिक नाका रहेको रसुवाको टिमुरे, रसुवागढी, घट्टेखोला, स्याफ्रुबेँसी, हाकुबेसी, मैलुङ, खाल्टेबस्ती र बेत्राबती बजारमा ठूलो क्षति पुगेको छ । बाढीबाट जिल्लाको गोसाइँकुण्ड, आमाछोदिङ्मो, कालिका र उत्तरगया पालिकाका तटीय क्षेत्रका बजार र बस्ती नराम्ररी प्रभावित भएका छन् । अहिले बाढीमा फसेका नागरिकको उद्धार तथा हराइरहेका व्यक्तिको खोजी गर्ने काम भइरहेको छ । जिल्लामा टेलिफोन सेवा अवरुद्ध भएकाले उद्धार र राहतमा कठिनाइ देखिएको छ । उद्धार गरिएका नागरिकलाई सुरक्षित स्थानमा बसोबासको व्यवस्था मिलाउने काम जारी छ । बाढीबाट त्यहाँस्थित सरकारी कार्यालयका केही कर्मचारी, सुरक्षाकर्मी, रसुवा घुम्न पुगेका पर्यटक, गोसाइँकुण्ड मेला भर्न पुगेका धार्मिक तीर्थालु, रसुवागढी नाकामा मालसामान लिन पुगेका व्यापारी तथा ट्रक तथा कन्टेनरका चालक/सहचालक र जलविद्युत् आयोजनाका मजदुर हराइरहेको अनुमान छ । बाढीले सडक पूर्वाधारमा पनि ठूलो क्षति पुऱ्याएको छ ।

**'बाढीले राष्ट्रिय राजमार्ग जोड्ने तीन पुल बगायो'**

**- नेत्रप्रसाद शर्मा, सहायक प्रमुख जिल्ला अधिकारी, गोरखा**

बाढीबाट गोरखाको भूगोलमा मानवीय क्षति भएका छैन । धार्मिक यात्राका लागि रसुवातर्फ गएका केही नागरिक हराइरहेको भन्ने सूचनाका आधारमा विवरण सङ्कलनको काम जारी छ । बाढीबाट राष्ट्रिय राजमार्ग जोड्ने तीन वटा पुल बगेको छ । बजार र घर बस्तीमा क्षति छैन । गण्डकी गाउँपालिकाको धवादीघाटबाट धादिङको चरौदी र सोही गाउँपालिका-७ मा इटारबाट धादिङको चौकीटार जोड्ने पक्की पुल बगाएको छ । यस्तै बाढीबाट सहिदलखन गाउँपालिका-३ स्थित सिलिङटारबाट चितवनको कुरिनटार जोड्ने झोलुङ्गे पुलमा पूर्ण रूपमा क्षति पुगेको छ । जिल्ला विपद् व्यवस्थापन समितिको बैठक जारी छ । बाढीले बगाएर ल्याएका शवको व्यवस्थापनलगायत विषयमा छलफल भइरहेको छ ।

**'तनहुँमा फेला परेका नौ शव गण्डकी अस्पतालमा'**

**- शिवलाल तिवारी, सहायक प्रमुख जिल्ला अधिकारी, तनहुँ**

हिजो बिहानैदेखि पूर्वतयारी र प्रतिकार्यको काम भइरहेको थियो । तनहुँमा मानवीय भौतिक क्षति छैन । बाढीले बगाएर ल्याएका नौ वटा शव पोखरास्थित गण्डकी अस्पताल पठाइएको छ । बिहीबार बिहानैदेखि सुरक्षाकर्मीले तटीय क्षेत्रमा खोज तथा उद्धार जारी राखेका छन् । केही शव भेटिएका छन् । मुचुल्का गरेर ती शव अस्पतालमा पठाइनेछ ।

**'शव जोगाउन चुनौती थपिएको छ'**

**- चिरञ्जीवी शर्मा, सहायक प्रमुख जिल्ला अधिकारी, चितवन**

चितवनमा अहिलेसम्म बाढीले बगाएर ल्याएका ६७ शव फेला परेका छन् । शव सङ्कलन गर्ने र नबिग्रने गरी राख्ने प्रक्रिया अघि बढाइएको छ । फेला परेका शव भरतपुर अस्पताल र अन्तर्राष्ट्रिय सम्मेलन केन्द्रमा राखिएको छ । शवको सङ्ख्या बढ्दै जाँदा व्यवस्थापनका लागि चुनौती देखिएको छ । **रासस**

## भक्तपुर जिल्ला बचतद्वारा सङ्कटमा आर्थिक सहयोग गरी मानवीय दायित्व पूरा गर्न आग्रह

भक्तपुर, ११ भदौ । भक्तपुर जिल्ला बचत तथा ऋण सहकारी सङ्घ लिमिटेडले भदौ ११ गते एक अपिल प्रकाशित गर्दै भदौ १० गते रसुवा जिल्लास्थित भोटेकोसी नदीमा आएको भीषण बाढी तथा पहिरोका कारण ठूलो परिमाणमा मानवीय तथा भौतिक क्षति भएको, सडक तथा पुललगायतका पूर्वाधारहरू ध्वस्त भएको र जनजीवन अत्यन्त कष्टकर बनेको घटनाले समग्र जिल्लाको बचत तथा ऋण सहकारी अभियान स्तब्ध एवं मर्माहत भएको जनाएको छ ।

अपिलमा भनिएको छ, प्राकृतिक विपद्को यस विषम र सङ्कटपूर्ण घडीमा उद्धार, राहत तथा पुनर्स्थापना कार्यलाई प्रभावकारी बनाउन राज्यका सम्पूर्ण संयन्त्र, स्थानीय तह, सहकारी अभियान तथा नागरिक समाज एकजुट भई हातेमालो गर्नु हामी सबैको पहिलो मानवीय तथा सामाजिक दायित्व हुन आउँछ । सातौँ सहकारी सिद्धान्त 'समुदायप्रति चासो' (Concern for Community) लाई आत्मसात् गर्दै यस सङ्घ विपद् प्रभावित नागरिकहरूको उद्धार एवं पुर्नस्थापनामा सदैव प्रतिबद्ध छ ।

सङ्घले विपद् व्यवस्थापन तथा राहत कार्यमा ऐक्यबद्धता जनाउँदै भक्तपुर जिल्लाभर क्रियाशील सम्पूर्ण सदस्य बचत तथा ऋण सहकारी संस्थाहरू, सहकारीकर्मी, सञ्चालक समिति, लेखा सुपरिवेक्षण समिति तथा कर्मचारीहरूमा देहायबमोजिम सहयोग र ऐक्यबद्धताको लागि हार्दिक आह्वान गरेको छ ।

जिल्लास्थित सम्पूर्ण प्रारम्भिक बचत तथा ऋण सहकारी संस्थाहरूलाई आ-आफ्नो संस्थागत, क्षमताअनुसार राज्यद्वारा घोषित आधिकारिक 'प्रधानमन्त्री दैवी प्रकोप राहत कोष' मा स्वैच्छिक आर्थिक योगदान गरी सङ्कटको यस घडीमा मानवीय दायित्व पूरा गर्न सङ्घले हार्दिक अपिल गरेको छ ।

भक्तपुर जिल्लाका सहकारी अभियानबाट भएको कुल राहत योगदान तथा ऐक्यबद्धतालाई एकीकृत गरी अभिलेख तयार गर्नुपर्ने भएकोले, सम्पूर्ण सदस्य संस्थाहरूले राहत कोषमा जम्मा गरेको भौचर वा सहयोग विवरणको जानकारी यस सङ्घको कार्यालय वा इमेल ठेगानामा उपलब्ध गराई सहयोग गर्न अनुरोध गरिएको छ ।

प्रभावित क्षेत्रमा आवश्यकताअनुसार स्वयंसेवी परिचालन, लत्ताकपडा, खाद्यान्न तथा अत्यावश्यक स्वास्थ्य सामग्री व्यवस्थापनका लागि नियामक निकाय तथा स्थानीय विपद् व्यवस्थापन समितिसँग समन्वय गरी आवश्यक सहयोगमा जुट्न पनि सङ्घले सबैमा हार्दिक आग्रह गरेको छ ।

यस अकल्पनीय प्राकृतिक विपद् परी ज्यान गुमाउने सम्पूर्ण स्वदेशी तथा विदेशी नागरिकहरूप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दै शोकसन्तप्त परिवारजनमा सङ्घले गहिरो समवेदना व्यक्त गर्दै घाइते भएका सबैको शीघ्र स्वास्थ्य लाभको कामना गरेको छ ।

। सम्पादकीय ।

# खोजी, उद्धार, राहत र पुन:स्थापनामा जोड दिऔँ !

भदौ १० गते बिहान भोटेकोसी नदीमा बगेको भेलबाढीले नेपालमा अकल्पनीय जनधनको क्षति पुऱ्यायो। यो भेलबाढी कसरी सुरू भयो ? यो प्रश्नको जवाफ नेपाल सरकारले स्पष्ट गर्ने नै छ। केहीले भेलबाढीबारे चीनले नेपाललाई पूर्वजानकारी नगराएको भ्रम फैलाइयो। तर, चीनको तिब्बतको भूभाग केरुङमा पनि अकल्पनीय जनधनको क्षति भएको छ। एक सयभन्दा बढी चिनियाँ नागरिक नेपालतर्फ बगाइएको पनि सार्वजनिक भयो। यो विपद्को बेला भ्रमहरूको पछि नलागी खोजी, उद्धार, राहत र पुन:स्थापनातर्फ लाग्नु जरूरी छ।

नेपाल सरकारले भोटेकोसीको माथिल्लो क्षेत्रमा राखिएका स्वचालित बाढी मापन केन्द्रहरू पनि बाढीसँगै बगाइएको सार्वजनिक भयो। सामान्य अवस्थामा नदीको सतह बढ्न थालेपछि ती केन्द्रहरूले स्वत: सूचना पठाउने गर्छन्। स्याफ्रुवेसीमा राखिएका स्वचालित केन्द्रहरू सबै एकैचोटी बगाइएको थियो। जोखिमपूर्ण हिमाली क्षेत्रमा वास्तविक समयमै सूचना दिने सेन्सर क्यामेरा र निगरानी प्रणाली आवश्यक हुन्छ। यसमा नेपालले चीनसँग सहकार्य गर्नु उपयुक्त हुनेछ।

रसुवाको भोटेकोसी तटीय क्षेत्रका दर्जनभन्दा बढी बस्तीमा क्षति पुगेको छ। टिमुरे, स्याफ्रुवेसी, हाकुवेसी, मैलुङ, पेरेवेसी, सोले, शान्तिबजार, खाल्टेबत्ती, वेत्राबती, ढुङ्गे, त्रिशुली, बट्टारलगायतका क्षेत्रमा जनधनको क्षति भयो। रसुवामा वाणिज्य बैङ्क शाखा ९ र जलविद्युत् केन्द्र ९ ओटामा क्षति भयो। विदुरको सोले बजारदेखि अक्करे बजारसम्मको सयौँ घर बाढीले बगायो।

भूउपग्रहको तस्बिरअनुसार केरुङको पूर्वउत्तर १७ किमि टाढा नेपालतर्फको हिम चट्टान पहिरो गएको र सो पहिरो ल्हेन्दो खोलामा बज्रिँदा ५.२ म्याग्निच्युडको भूकम्पजस्तो कम्पन महसुस भएको सार्वजनिक भयो।

हिमपहिरो खसेको लम्बाइ ४ किमिजति भएको पनि सार्वजनिक भयो। ल्हेन्दे खोला अझै थुनिएको अवस्थामा हुँदा भेलबाढी अर्को पनि आउनसक्ने अनुमान गरिएको छ। भेलबाढी प्रतिघण्टा ४० किमिको दरले बगेको र यसको उचाइ ५० मिटर पुगेको हुँदा धेरै जनधनको क्षति भएको हुनुपर्छ।

नेपालमा गत भदौ २३ र २४ गतेको उपद्रवमा देशभरिझैँ आगजनी गरिँदा खर्बौं रूपैयाँको नोक्सान भएको थियो भने भदौ १० गतेको हिमपहिरो खसेर भोटेकोसीमा भेलबाढी आउँदा थप खर्बौं रुपैयाँको क्षति भयो। नेपाली जनता उपद्रवबाट पीडित थिए। अहिले प्राकृतिक विपत्तिबाट पीडित हुने भयो।

नेपालमा राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण गठन भएको ५-७ वर्ष भयो तर प्राधिकरणमा सम्बन्धित जनशक्ति र उपकरणको व्यवस्था नहुँदा विपद्सम्बन्धी अध्ययन र पूर्वसूचना प्राप्तिमा तदारूकता भएन। नेपाल मजदुर किसान पार्टीले नदीको बहाव नाप्ने हाइड्रोल्याव व्यवस्था गरी जोखिमको पूर्वसूचनाको व्यवस्था गर्नुपर्ने विषय संसद् र सडकमा २५-३० वर्षयता उठाउँदै आएको तर आजसम्मका सरकारहरूले नेमकिपाको आवाजलाई ध्यान दिएर कार्यान्वयन नगर्दा नेपाली जनताले थप जनधनको क्षति व्यहोर्नु परेको हो।

# तातिरहेको पृथ्वी र रूख बिरुवा

✍ जेसिका म्याकेन्जी

एक नयाँ अध्ययनले वनजङ्गलबारे पुरानो मान्यता भत्काएको छ। पुरानो 'जलवायु मोडल' मा खोट भेटिएको छ। तातिरहेको पृथ्वीमा वनजङ्गलले धेरै कार्बन सोस्न नसक्ने देखिएको छ। यसअघि वनजङ्गलले धेरै कार्बन सोस्न सक्छ भन्ने मान्यता थियो। नयाँ अध्ययनबाट एउटा तथ्य बाहिर आएको छ, पृथ्वीको तापक्रम अनुमान गरेभन्दा पनि बढ्ने देखिन्छ।

यो अध्ययन कर्नवेल विश्वविद्यालयका अध्येताहरूले गरेका हुन्।

वैज्ञानिक र नीतिनिर्माताहरूले 'जलवायु मोडल' बनाएर अध्ययन गर्दै आएका छन्। यो मोडलबाट केही दशक वा शताब्दीपछि जलवायु प्रणालीमा के हुन्छ भनी पूर्वानुमान गर्न सघाउ पुग्छ। यो मोडल पृथ्वी प्रणाली सञ्चालन गर्ने विज्ञानका अनेक आधारभूत नियममा आधारित हुन्छ। यसमा भौतिकशास्त्र, तरल पदार्थको गति विज्ञान, रसायनशास्त्र र जीव विज्ञानको गणना हुन्छ।

तर, कम्प्युटरले गर्ने सबै गणनामा जस्तै 'जलवायु मोडल' मा पनि जाँदा वातावरणमा भएको कार्बन सोस्ने रुखबिरुवाको क्षमतामा ऱ्हास आउँछ। खासमा रुखबिरुवाले वातावरणबाट कार्बन सोसेर भण्डारण गरी आफ्नो आयतन बढाउँछन्। तर, तापमान बढ्दै जाँदा त्यसमा कमी आउँछ। यसको अर्थ जलवायु परिवर्तनले ल्याउने जोखिमलाई वर्तमान 'जलवायु मोडल' हरूले समेट्न सक्दैनन्।

आजसम्म धेरै मोडल यही सिद्धान्तमा आधारित थिए। वनजङ्गलको आकार जति बढ्यो उति नै फोटोसिन्थेसिसबाट तिनले वरपर भएको कार्बन पनि सोस्छन् र हावामा जति बढी कार्बन डाइअक्साइड भयो उति बढी बोटबिरुवा बढ्छन् भन्ने थियो पहिले। तथाकथित जलवायुका ठेकेदारहरूले भन्ने गर्थे, "कार्बन डाइअक्साइड रुखबिरुवाको खाना हो।" यस्ता ठेकेदारहरूले जलवायु परिवर्तनको मूलकारण मानव उत्सर्जन हो भन्ने बुझाइमा विमति राख्थे। यो विचारको पैरवी गर्ने अलग्गै सङ्गठन समेत छ। त्यसको नाम हो, 'CO2 Coalition' (कार्बन डाइअक्साइड गठबन्धन)। सुरुमा यो संस्थाको नेतृत्व अमेरिकी गर्नका लागि तिनलाई पर्याप्त पानी पनि चाहिन्छ। स्वीजरल्यान्डमा पनि यही हाल छ। त्यहाँ सेतो फर, बिच र स्प्रुसका रुखहरूले तीव्रगतिमा कार्बन नसोसेको भेटियो। यसको अर्थ रुखबिरुवाहरूले लामो समयसम्म कम कार्बन सोस्ने देखिन्छ।

हामीलाई सानोमा विद्यालयमा सिकाइन्थ्यो, काटेको मुढोमा हुने गोला धर्सा हेरेर कुन वर्षमा बढी पानी परेको थियो र कुन वर्ष सुक्खा थियो भनी अनुमान लगाउन सकिन्छ। तर, रुख कति बढ्छ वा रुखले कति कार्बन सोस्न सक्छ भन्ने कुरा पानीमा मात्र निर्भर हुन्न। आद्रताले पनि ठुलो भूमिका खेल्छ। हावा तातो र सुक्खा हुँदा रुखले आफ्ना स्टोमाटाहरू बन्द गर्छ, जसले गर्दा पानी खेर जान्न। (रुखले कार्बन डाइअक्साइड लिने र अक्सिजन फाल्ने मसिना प्वाललाई स्टोमाटा भनिन्छ।) यसले गर्दा फोटोसिन्थेसिसमार्फत एउटा रुखले सोस्ने कार्बन डाइअक्साइड सीमित हुन्छ। बिरुवाको कोषमा पर्याप्त पानी नभएपछि त्यसले वरपरको कार्बन डाइअक्साइड सोस्न सक्दैन र यही गतिमा बढ्न सक्दैन।

सो विश्लेषणअनुसार यो 'अनिश्चय' भनेको राष्ट्रसङ्घीय समूहले अनुमान गर्नेभन्दा २५ प्रतिशत बढी तापमान वृद्धि हुन सक्छ।

अब बन्ने नयाँ मोडल अझ संवेदनशील हुनेछ। यो मोडलमा वैज्ञानिकहरूले वार्षिक रूपमा हुने कार्बन उत्सर्जनको तथ्याङ्क राख्नेछन्। त्यसपछि मोडलले जमिन र समुद्रले सोस्ने कार्बनलाई कटाएर वातावरणमा कति कार्बन उत्सर्जन हुनेछ भनी हिसाब निकाल्नेछ। यस्ता नयाँ मोडलले मात्र कार्बन चक्रमा हुने अनिश्चयलाई पक्रन सक्नेछन्। तथापि, यी मोडलले समेत पृथ्वी तात्दै जाँदा रुखबिरुवा र वनजङ्गलको कार्बन भण्डार क्षमतालाई बढी आँक्न सक्ने हुन सक्छ।

क्लार्कको भनाइअनुसार पछिल्लो अध्ययन आफैमा अपुरो छ। उनले एक वर्षअघि मात्र यो अध्ययन थालेका थिए। रुखले कति कार्बन सोस्न सक्छ भन्ने अध्ययन स्वीजरल्यान्डबाट सुरु गरिएको थियो। उनका तथ्याङ्कहरू त्यहीका हुन्। तर, त्यस यता उत्तर अमेरिकाका वनजङ्गलबारे पनि सोही प्रकृतिका अध्ययन भएका छन्। अध्येताहरूले



खोट हुन्छ। त्यसमा जस्तो डेटा दिइन्छ, त्यसैअनुसार नतिजा निस्किन्छ। कर्नवेल विश्वविद्यालयका अध्येताहरूले भनेअनुसार धेरै 'पृथ्वी प्रणाली मोडल' मा समस्या छन्। वनजङ्गलले भविष्यमा उत्सर्जित कार्बनको ३० प्रतिशत हिस्सा सोस्ने बताइएको थियो। त्यसरी पूर्वानुमान गर्ने मोडलहरूमा गल्ती देखिएको छ।

ब्रेनडन क्लार्क उक्त अनुसन्धानका एक अगुवा थिए। उनले भने, "अहिलेसम्म मानव जातिले उत्सर्जन गर्ने कार्बन डाइअक्साइडको एकतिहाइ हिस्सा जमिनले सोस्छ। तर, तापक्रम बढ्दै जाँदा सबथोक सुक्खा र तातो हुँदै जानेछ। त्यसैले स्थिति उस्तै रहनेछैन। भविष्यमा जमिनको कार्बन डाइअक्साइड सोस्ने क्षमता बदलिनेछ। त्यो नै सबैभन्दा ठुलो अनिश्चय हो।"

उक्त अध्ययनले 'जलवायु मोडल' मा भएको कमजोर बिन्दु पत्ता लगाएको छ। वायुमण्डलमा हुने कार्बन उत्सर्जनको ठुलो हिस्सा वनजङ्गलले सोस्छ भन्ने उक्त 'मोडल' को अनुमान गलत साबित भएको छ। तापमान बढ्दै पेट्रोलियम संस्थानका प्रबन्ध निर्देशक विलियम ओकिफेले गरेका थिए। यसको दाबी थियो, वातावरणमा कार्बन डाइअक्साइडको घनत्व बढ्दा बोटबिरुवा र वनजङ्गल पनि उत्तिकै तीव्र रूपमा बढ्छन्, कृषि उत्पादन पनि बढ्छ। डोनाल्ड ट्रम्पको ऊर्जा मन्त्रालयले तयार पारेको जलवायु प्रतिवेदनमा पनि यही दाबी गरिएको थियो। संसारका धेरै जलवायु वैज्ञानिकहरूले यो दाबीको खण्डन गर्दै आएका छन्।

कार्बन डाइअक्साइडको मात्रा बढेको खण्डमा बोटबिरुवाले पाउने लाभका आफ्नै सीमा रहेको विभिन्न वैज्ञानिक अध्ययनले देखाएको छ। खासगरी तातो र सुक्खा इलाकामा यस्तो लाभ कम रहनेछ। जलवायु परिवर्तनका कारण मकै, गहुँ र जौको उब्जनीमा कमी आएको अध्ययनहरूले देखाएको छ। तातो पृथ्वीमा प्रकृतिले कति कार्बन डाइअक्साइड सोस्न सक्ला भन्ने प्रश्न चिन्ताजनक पनि छ। जस्तो उत्तर अमेरिकामा पाइने देवदार रुखहरूले कार्बन डाइअक्साइडलाई काठमा बदलेको पाइएको छैन। किनभने, त्यसो

क्लर्क भन्छन्, अबका 'जलवायु मोडल' का लागि यो सूचना अति नै महत्त्वपूर्ण छ। राष्ट्रसङ्घको 'जलवायु परिवर्तनका लागि अन्तर सरकारी समूह' (आइपीसीसी) ले यी मोडलको प्रयोग गर्दै आएको छ। यसअघि वैज्ञानिकहरूले वातावरणमा कति कार्बन डाइअक्साइड उपलब्ध होला भनी अनुमान गरेर अङ्क राख्थे; मोडलले सोहीअनुसार 'पृथ्वी प्रणाली' मा कस्तो हेरफेर आउँछ भनी बताउँथ्यो।

जलवायु वैज्ञानिक जेक हाउजफादरले यस्ता 'कार्बनमा आधारित' अनुमानले प्रकृतिमा हुने कार्बनको चक्रलाई बेवास्ता गरेको बताउँछन्। पृथ्वी तात्दै जाँदा जमिन र समुद्रको कार्बन सोस्ने क्षमतामा परिवर्तन आउँछ भन्ने तथ्यलाई ती अनुमानले बेवास्ता गर्छन्। हाउजफादर भन्छन्, "कार्बन चक्रको अनिश्चय अझ ठुलो हुन सक्छ। यसले गर्दा तापमान वृद्धिले भविष्यमा ल्याउन सक्ने जोखिमलाई हामीले कम आक्न सक्छौँ।" सन् २०२० मा हाउजफादर र रिचर्ड बेट्सले एउटा विश्लेषण गरेका थिए। उष्ण इलाकाका वनजङ्गलमा पनि यस्तै अध्ययन गर्दै छन्।

जलवायु परिवर्तनसँग अनुकूलित हुनका लागि 'जलवायु मोडल' सटिक हुन जरुरी छ, क्लार्क भन्छन्। यिनै 'मोडल' प्रयोग गरेर जलवायु परिवर्तनका प्रभावहरूबारे आकलन गरिन्छ। विश्वका विभिन्न सरकारले उत्सर्जनसम्बन्धी नीतिनियम र लक्ष्य तय गर्न यिनै 'मोडल' को सहारा लिँदै आएका छन्। ती सरकारले जमिनमा हुने वनजङ्गलजस्ता कार्बन सोस्ने चीजबीजले कति कार्बन डाइअक्साइड सोस्न सक्ने भनी अनुमान गर्दा गल्ती गरे लक्ष्य हासिल नहुन सक्छ। यसरी उत्सर्जन घटाएर शून्यमा झार्ने कार्यक्रम फेल खान सक्छ।

क्लार्क भन्छन्, "त्यही भएर धेरै मोडलहरूले ठिक्कै त छ नि भन्छन् र हामीले वायुमण्डलमा कार्बन डाइअक्साइड फाल्दै जान्छौँ। कार्बन डाइअक्साइड रुखबिरुवाको खाना हो भन्दै झन् बढी कार्बन उत्सर्जन गर्छौं। धेरै कारणहरू केलाएर हेर्दा, यो श्वैरकल्पना मात्र हो भन्ने स्पष्ट हुन्छ।"

*(स्रोत : एमआर अनलाइन । गणेश)*

# सिन्ह्वाको टिप्पणी : अमेरिकी सार्वजनिक ऋण नियन्त्रण बाहिर

पेइचिङ, अगस्ट २० (सिन्ह्वा)। संयुक्त राज्य अमेरिकाको विशाल सङ्घीय ऋणले बिहीबार आधिकारिक रूपमा ४० ट्रिलियन अमेरिकी डलर नाघेको छ र अर्को ऐतिहासिक उच्च बिन्दुमा पुगेको छ ।

यो ऋणको माइलस्टोन एक आश्चर्यजनक सङ्ख्यामा मात्र सीमित छैन । यो एक वित्तीय समस्याको बारेमा चेतावनी हो जुन वाशिङगटनले दशकौँसम्म स्थगित गरेको छ । अमेरिकी ऋणको निर्माण फ्र्याङ्कनस्टाइनको राक्षससँग मिल्दोजुल्दो छ, यसको आफ्नै सिर्जनाको सृष्टि जुन यसको निर्माताको नियन्त्रणभन्दा बाहिर बढेको छ । एक पटक अस्थायी समाधानको रूपमा ऋण विश्वको शीर्ष अर्थतन्त्रको लागि स्थायी निर्भरता भएको छ, जसको गणना अन्तहीन रूपमा स्थगित भएको छ र विश्वव्यापी वित्तीय प्रणालीमा बढ्दो जोखिमहरू बढ्दै गएको छ ।

अमेरिकी ऋणको द्रुत वृद्धि आश्चर्यजनक छ । सङ्घीय ऋणमा १ ट्रिलियन डलर पुग्न संयुक्त राज्य अमेरिकालाई करिब दुई शताब्दी लाग्यो । तैपनि अर्को माइलस्टोनहरू द्रुतगतिमा बढ्दै गयो: २०२२ मा ३० ट्रिलियन डलर पार गर्नुअघि ऋण २००८ मा १० ट्रिलियन डलरबाट २०१७ मा २० ट्रिलियन डलरमा पुग्यो । यो थप १० ट्रिलियन डलर थप्न लगभग चार वर्ष लाग्यो ।

योभन्दा बढी दुःखको कुरा यो हो कि ऋणको राक्षसले आफैँलाई खुवाइरहेको छ । हरेक नयाँ उधारो चक्र पछाडिको हिसाबलाई भविष्यमा धकेल्ने अर्को प्रयास हुन्छ ।

व्यवस्थापन खर्च, बढ्दो ब्याज लागत र दीर्घकालीन वित्तीय असन्तुलनले अमेरिकाको ऋण झनै बढेको छ, विदेशमा सैन्य विस्तारको लतले वित्तीय आगोमा थप इन्धन मात्र खन्याएको छ ।

२०२४ मा मात्रै, संरा अमेरिकाले आफ्नो सेनामा लगभग १ ट्रिलियन अमेरिकी डलर खर्च गर्‍यो, जुन विश्वव्यापी सैन्य खर्चको ३७ प्रतिशत हो । त्यो हेजेमोनिक रिफ्लेक्सको मूल्य अझै बढिरहेको छ: इरानसँगको युद्धको पाँच महिनापछि, पेन्टागनले द्वन्द्वको लागत ३७.५ बिलियन डलर पुर्‍यायो र दशौँ बिलियन थप खोजिरहेको थियो ।

अमेरिकी विदेशमा सैन्य साहसिक कार्यहरूले पीडा र विनाशको बाटो छोडेको छ भने, अमेरिकाको बढ्दो ऋण यसको सिमाना बाहिर बढ्दै गइरहेको छ । ब्रेटन वुड्स प्रणालीको जन्म भएको दशकौँपछि, डलर अझै पनि विश्वको प्राथमिक रिजर्भ मुद्रा बनिरहेको छ, जबकि अमेरिकी ट्रेजरी धितोपत्रहरू विश्वव्यापी वित्तीय बजारको मुटुमा बस्छन् ।




जब संरा अमेरिकाले मुद्रास्फीति र वित्तीय दबाबको सामना गर्न उच्च ब्याज दरहरू कायम राख्छ, पुँजी डलर-निर्धारित सम्पत्तिहरूमा प्रवाहित हुन्छ । यसले अन्य अर्थतन्त्रहरूलाई तिनीहरूको मुद्राहरू कमजोर पारेर, उधारो लागत बढाएर र वित्तीय अवस्थालाई कडा पारेर दबाब दिन सक्छ । अझ महत्त्वपूर्ण कुरा, अमेरिकी ऋणको अनियन्त्रित वृद्धिले अन्तर्राष्ट्रिय वित्तीय प्रणालीको स्थायित्वमाथिको विश्वास क्रमशः घट्दै गइरहेको छ । यस वर्षको सुरुमा अन्तर्राष्ट्रिय मुद्रा कोषले चेतावनी दिएझैँ बढ्दो अमेरिकी ऋणले अमेरिकी र विश्वव्यापी अर्थतन्त्र दुवैका लागि 'बढ्दो स्थिरता जोखिम' खडा गरेको छ ।

४० ट्रिलियन डलर ऋण थ्रेसहोल्ड वाशिङगटनको लागि एक ताजा जगेडा कोष र बाँकी संसारको लागि एक नयाँ चेतावनीको रूपमा काम गर्छ । ऋणको फ्र्याङ्कनस्टाइन राक्षस रातारात सिर्जना भएको थिएन, तर दशकौँ राजनीतिक छनौटहरूमार्फत जसले दीर्घकालीन जिम्मेवारीलाई भन्दा अल्पकालीन लाभहरूलाई प्राथमिकता दिन्छ । कठिन सुधारहरू स्थगित गर्न निरन्तर उधारोले समस्यालाई अझ ठुलो र नियन्त्रण गर्न गाह्रो हुने अनुमति दिन्छ ।

पक्षपातपूर्ण विभाजनहरू झन् तीतो बढ्दै जाँदा वाशिङगटनका राजनीतिज्ञहरू आफ्नो देशको पुरानो ऋण समस्यालाई यसको जडलाई सम्बोधन गर्न असक्षम देखिन्छन् । तिनीहरू करहरू बढाउन इच्छुक छैनन् र मतदाताहरू, विशेष गरी धनीहरू, तर बढिरहेको रक्षा खर्चमा लगाम लगाउन समान रूपमा अनिच्छुक छन् । वाशिङटनले अवलम्बन गर्ने बढी सम्भावित पाठ्यक्रम भनेको विश्वव्यापी प्रभुत्वको महँगो खोजीमा वित्तपोषण गर्न ऋणमा ऋण थुपार्नु हो ।

गोथिक विज्ञान उपन्यासमा, फ्रान्केनस्टाइन र उनको राक्षसले अन्ततः एउटै भाग्यलाई भेटे, उनीहरूले गतिमा सेट गरेका बलहरूले नष्ट गरे । संरा अमेरिकाले यस्तै अन्त्यको जोखिममा छ: यसले सिर्जना गरेको ऋण राक्षसले अन्ततः प्राणी र यसको सृष्टिकर्ता दुवैलाई नष्ट गर्न सक्छ ।

त्यसकारण विश्वभरका देशहरूले नतिजाको लागि तयारी गर्नुपर्छ, आफ्नो वित्तीय लचिलोपनलाई बलियो बनाउनुपर्छ र अन्तर्राष्ट्रिय वित्तीय प्रणालीको कमजोरीहरूलाई कम गर्न मिलेर काम गर्नुपर्छ । वाशिङगटनले पाठ्यक्रम परिवर्तन गर्नको लागि दबाब धेरै उच्च छ ।

*-सिन्ह्वा*

---

# ऋग्वेदबारे थप केही विषय

✍ चिन्मय

संसारमा केही पनि स्थिर, शाश्वत वा सनातन छैन । 'न आदि न अन्त्य' भन्ने केही हुँदैन । सबथोक बदलिन्छ । आज एकदम सही लागेको संस्कृति वा विचार पछि बदलिन सक्छ । 'हाम्रा पुर्खाले गर्थे' भन्दैमा 'विगतमा सबथोक सही थियो' भन्नु पनि अन्धविश्वास नै हो । यस्तो सोच राख्नाले समाज अघि बढ्न सक्दैन ।

कुनै बेला सती प्रथालाई स्वाभाविक मानिन्थ्यो । आज त्यसलाई कुप्रथा भनिन्छ । कुनै बेला दासप्रथालाई कतिपय गरिबहरूले बाँच्ने आधार ठानेका थिए । प्राचीन रोममा क्रूर मालिकका दासहरू दयालु मालिक पाए हुन्थ्यो भन्थे । दयालु मालिक पाएका दासहरू भने मुक्त हुन पाए हुन्थ्यो भन्थे । अमेरिकामा दासमोचन भएपछि अश्वेत दासहरूलाई निकालियो । त्यो बेला कतिपय दासहरू 'मालिक हामीलाई काम दिनुस्' भन्दै पुरानै मालिककहाँ फर्केका थिए । त्यस्तै कुनै बेला धर्मको नाममा रोमको क्याथोलिक चर्चले स्वर्गको टिकट बेच्ने गर्थ्यो । विभिन्न रोगव्याधि आदिका लागि ईश्वरीय पर्ची बेच्थ्यो ।

ऋग्वेद वा अन्य वेदमा वर्णित समाज वा विचारका हकमा पनि यही कुरा लागु हुन्छ । त्यो बेला स्वाभाविक लागेका मूल्यमान्यता आज अस्वाभाविक लाग्न सक्छ । यो तथ्य स्वीकार गर्नु नै सही र वैज्ञानिक हुनेछ । आजका मूल्यमान्यताको चस्मा लगाएर वेदमा भनिएका सरल वा सत्य कुरालाई ढाकछोप गर्नु वा त्यसमा पर्दा हाल्न शब्दलाई अलौकिकताको जामा लगाइदिनु वैज्ञानिक प्रवृत्ति हुन सक्दैन । बरु, आफ्नो अज्ञानता वा आलस्य छोप्ने अस्त्र बन्न सक्छ । वैज्ञानिक पद्धति अपनाएर गरिने अनुसन्धानलाई नकार्ने मूढाग्रह बन्न सक्छ । विज्ञानमा 'मेरो गोरुको बाह्रै टक्का' भन्ने हुँदैन । जतिसुकै कमजोर मानिसले बोलेको भए पनि तर्कसङ्गत छ भने उसको बोली वैज्ञानिक ठहरिन्छ । त्यसैले व्यक्तिभन्दा उसले राखेका तर्क र प्रमाणहरूको अनुशीलन गरिनुपर्छ । विज्ञानसम्म पुग्ने आधुनिक विधि यही हो ।

**इन्द्रसँग सम्बन्धित केही ऋचा**

वैदिक देवता इन्द्र लुटपाटका देवता थिए । धनाढ्य (पणि) हरूको गाई लुट्नुलाई वैदिकजन आफ्नो धर्म ठान्थे । (साङ्कृत्यायन, १८) इन्द्रले सोमरस पिउँथे; गाईगोरु वा राँगा भैँसीको मासु खान्थे । देवतालाई यी मासु चढ्ने हुनाले उनीहरूले यसको सेवन गर्थे भन्ने प्रस्ट हुन्छ । (साङ्कृत्यायन, १४) कुनै युद्धमा जानुअघि वैदिकजनले इन्द्रको स्तुति गाउँथे । लुटपाटमा धेरै सामग्री हात परून् भनेर उनीहरूले इन्द्रको स्तुतिमा ऋचा वा मन्त्र गाउँथे । केही ऋचा (प्रायः सायण भाष्यबाट) तल दिइएका छन् :

१. (५।२९।८)

**नेपाली अर्थ :** हे इन्द्रदेव ! तीन महिषरूपी प्राणप्रवाहलाई स्वीकार गरेर सोमका तीन पात्र पान गरेपछि वृत्रलाई मार्‍यौ । देवताहरूले कुशल कर्मीजस्ता इन्द्रदेवलाई आह्वान गरे । (लुइँटेल, २०६३)

२. (६।१७।११)

**नेपाली अर्थ :** हे इन्द्रदेव ! तिम्रो उन्नतिका लागि मरुत्हरू उत्तम स्तुति गर्दछन् । पूषादेव तिम्रा लागि बलवर्द्धक अन्न पकाउँछन् र विष्णुदेव तीन वटा पात्रमा वृत्रासुरलाई मार्ने शक्ति बढाउने सोमरस भर्दछन् । (लुइँटेल, २०६३)

**यसैगरी हामीले ऋग्वेदका निम्न मन्त्रमा पनि तिनै प्रसङ्ग पाउँछौँ -**

इन्द्रका लागि साँढे/गोरु (वृषभ) पकाएको चर्चा (१०।२८।३), इन्द्रको लागि १५/२० वटा गोरु (उक्षन्) पकाएको चर्चा (१०।८६।१४), इन्द्रले ३०० भैँसी (महिष) खाएको चर्चा (५।२९।८), इन्द्रका लागि १०० भैँसी (महिष) पकाएको चर्चा (६।१७।११) इन्द्रलाई गोरु (उक्षन्) चढाएको चर्चा (१०।८६।१३), गोरु (उक्षन्) पकाएको/तयार गरेको चर्चा (१०।८६।१३) ।

३. (६।५०।११)

**नेपाली अर्थ :** हे देवताहरू हो ! तिमी पुत्र आदिले युक्त धन प्रदान गर्नेछौ । आदित्य, वसु, मरुत्हरू आदि देवताले हाम्रा इच्छा पूरा गरून् र हामीलाई सुखी बनाऊन् । (लुइँटेल, २०६३)

४. (४।१८।१२)

**नेपाली अर्थ :** हे इन्द्रदेव ! तिम्रा पिताका खुट्टा समातेर फ्यालेर तिम्री माता अदितिलाई कुन देवताले विधवा बनायो ? हिँड्न वा सुत्न लागेका बेलामा तिनलाई कुन देवताले मार्न खोजेको थियो ? तिम्रो तुलनामा अर्को कुन देवताले तिमीभन्दा बढी सुख दिन सक्ला र ? (लुइँटेल, २०६३)

५. (८।५६।३)

**नेपाली अर्थ :** हे इन्द्रदेव ! तिमीले म पृषन्ध्रलाई सयौँ भेडा, गधा र सेवक प्रदान गर्‍यौ । (लुइँटेल, २०६३)

इन्द्रलाई सोमरस, अन्न, दूध वा मासु चढाएर आफ्नो मनोकामना पूरा गरिदिन, पशु/धन दिन अथवा युद्धमा विजय प्रदान गर्न धेरै ठाउँमा प्रार्थना गरिएको छ । निम्न मन्त्रहरूमा यस्तै अनुनय पाइन्छ - (३।५०), (३।५२), (३।३५), (५।२९।७-८), (६।१७।११), (८।७७।१०), (१०।८६।१३-१५), (१०।११६।१-८) ।

आजभोलि हिन्दू धर्मभन्दा पनि 'वैदिक सनातन धर्म' भन्दा गौरव महसुस गर्ने चलन छ ।

आज 'वैदिक धर्म' नाउँको केही पनि छैन । 'वैदिक धर्म' लाई नामेट गर्ने काम ब्राह्मण ऋषिहरूले नै गरेका थिए । त्यो पनि उत्तर वैदिक कालमा । कसरी ?

उपनिषद् लेख्ने धेरै ऋषिहरूका आमा असुर थिए । जस्तो, ऐतरेय उपनिषद् महीदास ऐतरेयको नाममा छ । महीदास इतराका छोरा थिए । इतरा तल्लो जातकी महिला थिइन् । त्यस्तै, जाबाल ऋषिलाई आफ्नी आमाको बारेमा थाहा थिएन । उनकी आमा धेरै पुरुषकी पत्नी थिइन् । छान्दोग्य उपनिषद्मा सकटवान रैक्व ऋषिको चर्चा छ । पेशाले उनी तल्लो जातका थिए । छान्दोग्य उपनिषद्मै उद्दालक आरुणिले वेदको ज्ञानलाई बेवास्ता गर्दै छोरा स्वेतकेतुलाई 'तत् त्वम असि' को ज्ञान दिन्छन् । (चट्टोपाध्याय, ११३) आरुणि एक दासीका छोरा थिए । उनका बुबाको अत्तोपत्तो थिएन । तैपनि, उनलाई एक प्रमुख उपनिषद्कार मानिन्छ । त्यस्तै पौराणिक युगमा ऋग्वेदका प्रमुख ऋषि वशिष्ठलाई बेश्यापुत्र भनिएको छ । (साङ्कृत्यायन, पेज ३३)

यति मात्र होइन, पूर्व-मीमांसा दर्शनका ऋषिहरूले पनि वैदिक देवता र ईश्वरको अवधारणामा नै ठुलो प्रश्न खडा गरेका थिए । (चट्टोपाध्याय, पेज ११४) यी सबै तथ्यबाट उत्तर वैदिक कालमा नै वेदलाई ऋषिहरूले उति मान्यता दिन छोडिसकेको देखाउँछ । कतिपय विद्वानहरू इतिहासमा यसलाई रक्तमिश्रणको अवधि मान्छन् । दक्षिण एसियामा भेटिएका प्राचीन मानव अवशेषहरूको डीएनए परीक्षणबाट ईपू २२०० देखि सन् १०० सम्म विभिन्न जातिबिच प्रचुर मिश्रण भएको र सन् १०० तिर यो मिश्रण ठप्प भएको पुष्टि भएको छ । (जोसेफ, पेज २२१) यही समयमा मनुस्मृतिलगायत ब्राह्मणवादी संहिता, महाभारत, रामायण र पुराणहरूको रचना भइरहेको थियो । तर, यसको जरा ऋग्वेदको अन्तिम मण्डलको पुरुष सुक्तमा भेटिन्छ । मन्त्रमा एकजना हजारौँ आँखा, हजारौँ शिर र हजारौँ खुट्टा भएका विराट पुरुषबाट सुरुमा गाई, भेडा, बाख्रा जन्मेको र पछि चार वर्ण जन्मेको वर्णन यसप्रकार छ -

**(१०।९०।१२)**

**नेपाली अनुवाद :** त्यस विराट पुरुषको मुख ब्रह्मज्ञानी, पाखुरा शूरवीर, तिघ्रा वितरण गर्ने वैश्य र गोडा श्रमिक शूद्र वर्गले वा तिनको भावले प्रकट गराए । (लुइँटेल, २०६३)

'नास्तिको वेद निन्दकः' । यसको जवाफमा कति मात्र भनौँ भने यो भनाइ 'मनुस्मृति' का रचनाकार ऋषि मनुको हो । उनी आफ्नो संहितामाथि वेदको दैवी लालमोहर लगाउन चाहन्थे । त्यसैले उनले सबैले आँखा चिम्लेर वेदमाथि विश्वास गर्नुपर्छ भन्नु स्वाभाविक थियो । धर्मको राजनीति यसैलाई भनिन्छ । वेदको आलोचना गर्दैमा नास्तिक हुने भए उपनिषद्कार ऋषिहरूलाई नै वैदिक युगका विद्रोहीहरू भन्नुपर्ने हुन्छ । यसरी 'विद्रोहीहरू' लाई निकाल्दै जाने हो भने वैदिक वाङ्मयबाट विश्वामित्र, जाबाल, ऐतरेय, आदिको-कसलाई मात्र निकाल्ने ?

वैज्ञानिक आँखाले ऋग्वेदलाई हेर्‍यौँ भने अझ रोचक तस्बिर देखिन्छ ।

वेदमा तीन प्रमुख देवता छन् - अग्नि, सूर्य र वायु । ती सबै ११-११ थरीका छन् । त्यो भनेको ३३ कोटी देवता हो । तिनमा इन्द्र, वरुण, मित्र, रुद्र आदि पर्छन् । आजभोलि हिन्दू धर्मावलम्बीहरूले पुज्ने देवता ब्रह्मा, विष्णु, शिव, राम, कृष्ण, गणेश, भैरव कोही पनि ऋग्वेदमा छैनन् । शिव भन्ने शब्द छ । तर, त्यसको अर्थ एउटा असुर समूह हो । राम र कृष्ण भन्ने शब्द छन् । तर, तिनको अर्थ कालो मान्छे भन्ने लाग्छ । विष्णु भन्ने देवता छन् तर तिनी इन्द्रका मामुली सहयोगी मात्र हुन् । देवीहरूको नाममा आज हामीले चिनेका कुनै पनि देवी त्यहाँ छैनन् । सरस्वती भन्ने शब्द छ । तर, त्यसको अर्थ नदी हो । विद्वानहरूको मतअनुसार यो नदी आजको इरानमा पर्छ । जसलाई त्यहाँ हरह्वति भनिन्छ ।

यसरी ईपू ९०० आउँदासम्म वैदिक ऋषिहरूले आफ्ना सबैभन्दा पुराना देवता वरुणलाई बिर्सिसकेका थिए, इन्द्रलाई ठाउँठाउँमा गाली गर्न थालेका थिए । महाभारत (ईपू ४००-इसं.४००) मा 'देवराज' इन्द्रलाई व्यभिचारी, कपटी र ब्रह्महन्ता भनिएको छ । (महाभारत; शान्तिपर्व, अनुशासनपर्व, उद्योगपर्व) आज भारतीय जम्बुद्वीपमा कहीँ पनि ऋग्वैदिक देवताहरूको मन्दिर छैन । त्यति मात्र होइन, ऋग्वेदमा विष्णुका दस अवतारको उल्लेख छैन । मन्दिर र मूर्तिको कुरा छैन । ऋग्वेदमा ती तमाम पशुपन्छीको नाम छैन, जो मध्य एसिया, इरान वा भारतमा पाइँदैनन् । जस्तो, त्यहाँ गोरिल्ला, चिम्पान्जी, जिराफ, जेब्रा, जलगैँडा, कंगारु, ह्वेल कसैको पनि उल्लेख छैन । त्यहाँ धान, गहुँ, कोदो, मकैको चर्चा छैन । यसबाट वैदिकजन समाज विकासको कुन चरणमा थिए भन्ने प्रस्ट हुँदैन र ?

जहाँसम्म नेपाल प्राचीन ऋषिहरूको 'पुण्यभूमि' हो भन्ने दाबी हो, त्यस्तो दाबी भारतमा पनि गर्ने चलन छ । विद्वानहरूले 'अष्टाध्यायी' का लेखक तथा प्राचीन व्याकरणकार पाणिनी गान्धार (आजको पाकिस्तान) का थिए भनेका छन् । अर्को, 'गोर्खा' शब्दको अर्थ जे भए पनि नेपाल गाईकै रक्षाका लागि बनेको राज्य भने होइन । राज्य निर्माणका पछाडि पृथ्वीनारायण शाह (र उनका उत्तराधिकारीहरू) को आर्थिक र सामरिक दृष्टि स्पष्ट थियो, उनी तिब्बत र भारतबिच हुने व्यापारमा एकाधिकार जमाउन चाहन्थे । (रोज, २५) यसका लागि हिमाली भेगका सबै नाकाहरू हात पार्नु उनको मूल अभीष्ट थियो । तसर्थ, गाईको स्थानमा दुर्लभ पशु एकसिङ्गे गैँडालाई राष्ट्रिय पशु बनाउनुपर्छ भनेर संविधानसभामा प्रस्ताव आएको थियो, जुन बढी सार्थक देखिन्छ ।

**सन्दर्भ सामग्रीहरू :**

राहुल साङ्कृत्यायन, ऋग्वेदिक आर्य (हिन्दी), २००७ ।
डा. गंगा सहाय शर्मा (अनुवादक), ऋग्वेद (हिन्दी), २०१६ ।
तिलकप्रसाद लुइँटेल (अनुवादक), ऋग्वेद (नेपाली), विसं. २०६३ ।
महाभारत, गीताप्रेस (हिन्दी), विसं. २०७२ ।
Ralph T.H. Griffith (translator), The Hymns of the Rigveda, 1920.
Debiprasad Chattopadhyaya, Religion and Science, 1987.
Leo E Rose, Nepal: Strategy for Survival, 1971.
Tony Joseph, Early Indians, 1918.




नेपाल - चीन सीमा क्षेत्र सिजाङ स्वशासित क्षेत्रको केरुङमा हिम पहिरोपछिको तीव्र बाढीले विपद्ग्रस्त क्षेत्रमा उद्धार कार्यका लागि चीनको सिचुआन प्रान्तको राजधानी चेङडुको अन्तर्राष्ट्रिय विमानस्थलबाट सिजाङको सिगात्सेतर्फ उड्न तयार उद्धारकर्मीहरू अगस्ट २६ साँझ । *तस्बिर : सिन्ह्वा*

# पूर्वप्रधानमन्त्री इस्माइलमाथि अभियोग

क्वालालम्पुर, २७ अगस्ट (एपी) । मलेसियाका पूर्वप्रधानमन्त्री इस्माइल साबरी याकुबलाई सम्पत्ति घोषणा गर्न असफल भएको अभियोग लगाइएको छ । उहाँ पदबाट हटेपछि आपराधिक अभियोग सामना गर्ने मलेसियाका तेस्रो पूर्वप्रधानमन्त्री बन्नुभएको छ ।

छैसट्ठी वर्षीय इस्माइलले भ्रष्टाचारविरोधी निकायको सूचनापछि आफ्नो सम्पत्तिको पूर्ण विवरण नबुझाएको आरोपमा बिहीबार अदालतमा आफू दोषी नरहेको बताउनुभयो । आरोपपत्रमा मलेसियाली तथा विदेशी मुद्रा, सुन र चाँदीसहित ठुलो परिमाणमा सम्पत्ति लुकाइएको उल्लेख छ । दोषी ठहरिएमा उहाँलाई पाँच वर्षसम्म कैद र एक लाख रिङ्गिटसम्म जरिवाना हुन सक्नेछ ।

इस्माइल सन् २०२१ अगस्टदेखि २०२२ नोभेम्बरसम्म करिब १५ महिना प्रधानमन्त्री बन्नुभएको थियो । पदबाट हटेपछि उहाँको कार्यकालमा सरकारी प्रचारप्रसारमा करोडौँ डलर खर्च भएको विषयमा भ्रष्टाचारविरोधी अधिकारीहरूले पटक-पटक सोधपुछ गरेका थिए । उहाँसँग सम्बन्धित सम्पत्तिबाट सुनका बार र करिब चार करोड डलर नगदसमेत जफत गरिएको बताइएको छ ।

इस्माइलका वकिल आमेर हम्जा अर्शदका अनुसार उहाँलाई जमानतमा रिहा गरिएको छ । आरोप 'आधारहीन' रहेको भन्दै उहाँले कानुनी प्रक्रियामार्फत त्यसको प्रतिवाद गर्ने बताउनुभयो । मुद्दाको अर्को सुनुवाइ सेप्टेम्बर २९ मा हुनेछ ।

इस्माइललाई यसअघि अगस्ट ७ मै अभियोग लगाउने तयारी गरिएको थियो । तर, मुटुसम्बन्धी समस्याका कारण अस्पताल भर्ना भई पेसमेकर जडान गरेपछि प्रक्रिया स्थगित गरिएको थियो ।

उहाँमाथिको अभियोग पूर्वप्रधानमन्त्री नजिब रजाक र मुहिद्दीन यासिनविरुद्धको कानूनी कारबाहीपछि आएको हो । नजिब १ एमडीबी सरकारी लगानी कोषको अर्बौं डलर हिनामिनासम्बन्धी मुद्दामा दोषी ठहरिएर छ वर्षको जेल सजाय भोगिरहनुभएको छ । उहाँलाई गत वर्ष अर्को ठुलो भ्रष्टाचार मुद्दामा थप १५ वर्षको जेल सजाय सुनाइएको थियो ।

यसैगरी, मलेसियाका आठौँ प्रधानमन्त्री मुहिद्दीन यासिनमाथि भ्रष्टाचार र सम्पत्ति शुद्धीकरणसम्बन्धी अभियोगमा कानुनी प्रक्रियाअघि बढिरहेको छ ।

# नेटोमाथि आक्रमण नगर्न रुसलाई आग्रह

वासिङ्टन, २७ अगस्ट (एएफपी) । अमेरिकी केन्द्रीय गुप्तचर निकाय (सीआईए) का निर्देशक जोन र्‍याटक्लिफले नेटो सदस्य राष्ट्रमाथि आक्रमण नगर्न रुसलाई आग्रह गर्न मस्कोको असामान्य भ्रमण गर्नुभएको अमेरिकी सञ्चारमाध्यमले जनाएका छन् । राष्ट्रपति डोनाल्ड ट्रम्पले र्‍याटक्लिफको भ्रमणलाई 'बेलाबेलामा हुने भ्रमण' भन्दै यसको मुख्य उद्देश्य युक्रेन युद्ध अन्त्य गर्ने प्रयास रहेको बताएका थिए ।

वाल स्ट्रिट जर्नल र सिबिएस न्युजका अनुसार र्‍याटक्लिफको भ्रमणको प्रमुख उद्देश्य रुसलाई नेटो सदस्य राष्ट्रमाथि आक्रमणबाट रोक्नु थियो । जर्नलले राष्ट्रपति भ्लादिमिर पुटिनले आगामी वर्षमा नेटोको सामर्थ्य परीक्षण गर्न 'सीमित आक्रमण' गर्न सक्ने आशङ्का पनि उल्लेख गरेको छ । ह्वाइट हाउसले यसबारे एएफपीका प्रश्नको जवाफ दिएको छैन ।

राष्ट्रपति ट्रम्पले अमेरिकी रेडियो प्रस्तोता ग्लेन बेकसँगको अन्तर्वार्तामा र्‍याटक्लिफ मस्कोमा रहेको पुष्टि गर्दै अमेरिका युक्रेन युद्ध अन्त्य गर्न प्रयासरत रहेको बताउनुभयो । सन् २०२२ मा रुसले युक्रेनमाथि आक्रमण सुरु गरेपछि मस्को भ्रमण गर्ने उच्चपदस्थ अमेरिकी अधिकारीमध्ये र्‍याटक्लिफ एक हुनुहुन्छ । उहाँको भ्रमण रुसी आक्रमण तीव्र भइरहेका र अमेरिकी मध्यस्थतामा भएका शान्ति वार्ता अवरुद्ध रहेको समयमा भएको हो ।

सीबीएस न्युजका अनुसार र्‍याटक्लिफले भ्रमणका क्रममा इरानसँगको युद्धबारे पनि छलफल गर्नुभएको थियो । हर्मुज जलडमरु पुन: जलयातायातका लागि नखोलिए थप प्रतिबन्ध लगाउने चेतावनी दिइएको बताइएको छ ।

यसैबिच, क्रेमलिनका प्रवक्ता दिमित्री पेस्कोभले र्‍याटक्लिफले रुसी विशेष सेवासँग 'सम्पर्क' गर्नुभएको तर राष्ट्रपति पुटिनसँग भेट नगरेको बताउनुभयो । राष्ट्रपति पुटिनलाई उक्त वार्ताबारे जानकारी गराइएको भए पनि युक्रेन युद्धबारे छलफल भए-नभएकोबारे उहाँले स्पष्ट पार्नुभएन । गुप्तचर सेवामार्फत हुने सम्पर्कलाई सकारात्मक विकासका रूपमा व्याख्या गर्दै पेस्कोभले यसले दुई देशबिचको सम्बन्ध सुधारमा कस्तो प्रभाव पार्छ भन्न कठिन रहेको बताउनुभयो ।

यसअघि सीआईएका तत्कालीन निर्देशक विलियम बर्न्सले सन् २०२१ नोभेम्बरमा मस्को भ्रमण गरी रुसलाई युक्रेनमा सेना नपठाउन चेतावनी दिनुभएको थियो । त्यसको केही सातापछि रुसले युक्रेनमाथि आक्रमण सुरु गरेको थियो । सीआईए रुससँगको कैदी आदानप्रदानमा समेत संलग्न रहँदै आएको छ । युक्रेन युद्धमा ठुलो मानवीय क्षति भए पनि क्रेमलिनले पूर्वी युक्रेनको बाँकी भूभाग कब्जा गर्ने र क्रिमियामाथिको नियन्त्रण कायम राख्ने मागमा लचकता नदेखाएको बताइएको छ ।

# अमेरिकी नाकाबन्दीले इरानमा पेट्रोल अभाव

तेहरान, ११ भदौ (एएफपी) । अमेरिकी नौसेनाले लगाएको नाकाबन्दीका कारण घरेलु उत्पादनले नपुगेको पेट्रोल आयात गर्न नसकिएको इरानी अधिकारीले बताएका छन् । इन्धन आपूर्ति प्रभावित भएपछि पछिल्ला दिनमा इरानका पेट्रोल पम्पबाहिर लामो लाइन लाग्न थालेको जनाइएको छ ।

उपराष्ट्रपति मोहम्मद जाफर घेम्पानाहले पेट्रोल उत्पादन देशको आवश्यकताअनुसार पर्याप्त नभएको र अमेरिकी नौसैनिक नाकाबन्दीका कारण आवश्यक परिमाणमा पेट्रोल आयात गर्न नसकिएको बताउनुभएको सरकारी इरना समाचार एजेन्सीले जनाएको छ ।

अमेरिकासँगको युद्धका कारण इरानमाथि आर्थिक दबाब बढिरहेको बेला इन्धन अभावको समस्या देखिएको हो । सोमबार राष्ट्रपतिको कार्यालयका प्रमुख मोहसेन हाजी-मिर्जाईले पेट्रोल वितरणसम्बन्धी कोटाको पुनरवलोकन गरिने बताउनुभएको थियो ।

फेब्रुअरी २८ मा इरान र अमेरिकाबिच युद्ध सुरू भएपछि तेहरानले रणनीतिक स्ट्रेट अफ हर्मुजमा नियन्त्रण कायम गरेको र त्यसको प्रतिक्रियास्वरूप वासिङटनले इरानी बन्दरगाहमा नौसैनिक नाकाबन्दी लगाएको समाचारमा उल्लेख छ । घेम्पानाहले इरानमा पेट्रोल वितरणको विद्यमान प्रणाली असमान रहेको बताउँदै अत्यधिक अनुदान प्राप्त इन्धनबाट धेरै सवारीसाधन भएका व्यक्तिले बढी लाभ लिइरहेको टिप्पणी गर्नुभएको छ । उहाँका अनुसार सवारीसाधनको सङ्ख्या बढी हुनेलाई अनुदानको लाभ बढी पुग्ने भएकोले वर्तमान वितरण प्रणालीमा सुधार आवश्यक छ ।

विश्वकै प्रमुख तेल उत्पादक मुलुकमध्ये एक इरानमा पेट्रोलको मूल्य राजनीतिक रूपमा संवेदनशील विषय मानिन्छ । सरकारले लामो समयदेखि इन्धनलाई ठुलो परिमाणमा अनुदान दिँदै आएको छ । अनुदानका कारण इरानमा पेट्रोलको मूल्य विश्वकै सस्तोमध्ये रहेको छ ।

## विश्व सङ्क्षेप

# अमेरिका-चीनलाई अवरोध हटाउन वाङको आग्रह

बैङ्कक, २७ अगस्ट (एपी) । चिनियाँ विदेशमन्त्री वाङ यीले आगामी महिना अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्प र चिनियाँ राष्ट्रपति सी चीनपिङबिच सम्भावित शिखर वार्ताको तयारी भइरहेका बेला अमेरिका र चीनबिचका अवरोध हटाउन आग्रह गर्नुभएको छ । उहाँले दुई देशबिचको सम्बन्धमा देखिएका मतभेदलाई उचित रूपमा व्यवस्थापन गर्दै उच्चस्तरीय संवादका लागि अनुकूल वातावरण बनाउनुपर्ने बताउनुभएको छ ।

चिनियाँ सरकारी प्रसारण संस्था सिसिटिभीका अनुसार विदेशमन्त्री वाङले बुधबार चीनका लागि अमेरिकी राजदूत डेभिड पर्ड्युसँग भेटवार्ता गर्दै दुवै पक्षले सकारात्मक विषयमा ध्यान केन्द्रित गर्न, मतभेदको उचित व्यवस्थापन गर्न र अनावश्यक हस्तक्षेप हटाउनुपर्नेमा जोड दिनुभयो ।

चीन-अमेरिका सम्बन्धले अझै विभिन्न जोखिम र चुनौती सामना गरिरहेको स्वीकार गर्दै उहाँले दुई देशबिच उच्चस्तरीय आदानप्रदानका क्रममा देखिएका अवरोध हटाउनुपर्ने बताउनुभयो ।

राष्ट्रपति ट्रम्प र राष्ट्रपति सीले गत मेमा बेइजिङमा भेटवार्ता गरी द्विपक्षीय सम्बन्धलाई स्थिर राख्ने तथा नाजुक व्यापार युद्धविराम कायम गर्ने प्रतिबद्धता जनाउनुभएको थियो । त्यसपछि राष्ट्रपति ट्रम्पले राष्ट्रपति सीलाई सेप्टेम्बर २४ मा अमेरिकामा भेटवार्ताका लागि आमन्त्रण गर्नुभएको छ । यद्यपि, चिनियाँ राष्ट्रपतिको भ्रमणको निश्चित मिति सार्वजनिक भएको छैन ।

यसबिच अमेरिका र चीनले एकअर्काविरुद्ध आर्थिक कदम चाल्न भने जारी राखेका छन् । अमेरिकाले चिनियाँ उत्पादनका रोबोट तथा चीनमा व्यापार र अन्य गतिविधिमा संलग्न अमेरिकी संस्थामाथि समेत प्रतिबन्ध लगाएको छ । आर्थिक तथा व्यापारिक विवाद कायम रहेकै अवस्थामा दुवै देशका राष्ट्रपतिबिच सम्भावित शिखर वार्तालाई सम्बन्ध सुधारको महत्त्वपूर्ण अवसरका रूपमा हेरिएको छ ।

# गाजामा युद्धविराम कमजोर वेस्ट बैङ्कको अवस्था बिग्रँदै गएको राष्ट्रसङ्घको चेतावनी

न्युयोर्क, २७ अगस्ट (क्यूएनए) । संयुक्त राष्टसङ्घले गाजाको युद्धविराम नाजुक भएको उल्लेख गर्दै इजरायली कब्जामा रहेको वेस्ट बैङ्क क्षेत्रको अवस्था बिग्रँदै गएको चेतावनी दिएको छ । संयुक्त राष्ट्रसङ्घ सुरक्षा परिषद्को बैठकलाई सम्बोधन गर्दै मध्यपूर्व शान्ति प्रक्रियाका लागि संयुक्त राष्ट्रसङ्घका विशेष समन्वयकर्ता रमिज अलक्बरोभले गाजाका बासिन्दाहरूले असहनीय अवस्था र अत्यधिक पीडाको सामना गर्नुपरेको उल्लेख गर्नुभएको छ । उहाँले यद्धविराम पूर्ण रूपमा कार्यान्वयन गर्नुपर्ने कुरामा जोड दिनुभएको छ ।

उहाँले अवैध कब्जाको अन्त्य गर्ने, प्यालेस्टिनी आत्मनिर्णयलाई महसुस गर्ने र दुई-राज्यबिचका समस्याको समाधानलाई अगाडि बढाउने राजनीतिक तथा कूटनैतिक प्रक्रियाको लागि मार्गप्रशस्त गर्नुपर्ने कुरामा जोड दिनुभएको छ ।

उहाँले सुरक्षा परिषद्को प्रस्ताव २८०३ को तत्काल कार्यान्वयनका लागि पनि आग्रह गर्नुभएको छ ।

अलक्बरोभले गाजामा स्वास्थ्य सेवा, सरसफाइ र फोहोर व्यवस्थापनलगायत आवश्यक सेवाहरू पुनर्स्थापना गर्नुपर्ने कुरामा जोड दिँदै मानवीय आपूर्तिमा निरन्तर प्रतिबन्ध तथा अपर्याप्त कोषको चेतावनी दिनुभएको छ ।

उहाँले वेस्ट बैङ्क क्षेत्रमा, बसोबास गर्दै आएका निर्दोष मानिसहरूमाथि गर्ने आक्रमण र गैर-जवाफदेहिताको निन्दा गर्दै इजरायललाई नागरिकहरूको सुरक्षा गर्न र अपराधीहरूलाई जवाफदेही बनाउन आग्रह गर्नुभएको छ ।

इजरायली अधिकारीहरूले पूर्वी जेरुसेलमको युएनआरडब्लुए प्रशिक्षण केन्द्रमा जबरजस्ती प्रवेश गरेको रिपोर्टको निन्दा गर्दै उहाँले युएनआरडब्लुएका सुविधाहरू कब्जा गर्ने वा नियन्त्रण गर्ने प्रयासहरू अन्त्य गर्न आह्वान गर्नुभएको छ ।

# तिब्बतमा बाढीपछि ५५८ जना बेपत्ता

पेइचिङ, २७ अगस्ट (एएफपी) । चीन-नेपाल सीमामा पर्ने तिब्बतमा भारी वर्षापछि आएको बाढी र पहिरोमा परी तीन जनाको मृत्यु भएको छ भने ५५८ जना अझै बेपत्ता रहेको चिनियाँ सरकारी सञ्चारमाध्यमले जनाएको छ । बेपत्तामध्ये २६० जना विदेशी नागरिक रहेको बताइएको छ ।

बुधबार बिहान सीमावर्ती क्षेत्रमा माटो र भग्नावशेष भवनमाथि खसेपछि एक हजारभन्दा बढी उद्धारकर्मीले खोजी तथा उद्धार कार्य जारी राखेका छन् । उद्धारमा खोजी कुकुर र ड्रोन प्रयोग गरिएको छ । निगरानी भिडियोमा धेरै मानिस ज्यान जोगाउन भागिरहेको देखिएको छ ।

चीनको अर्धसैनिक पिपुल्स आर्म्ड पुलिसका सदस्य ली किपुले अस्थिर भूभाग र साँघुरा पहाडी सडकका कारण उद्धार कार्यमा कठिनाइ भइरहेको बताउनुभयो । मुख्य प्रकोपस्थलमा ठुला सवारीसाधन र भारी उपकरण पुग्न नसके पनि आसपासका सडक खुला रहेकाले आवश्यक सामग्री पुर्‍याइएको उहाँले जानकारी दिनुभयो ।

सरकारी समाचार एजेन्सी सिन्ह्वाका अनुसार सीमा क्षेत्रमा करिब ८०० उद्धारकर्मी र १५० भन्दा बढी सवारीसाधन परिचालन गरिएको छ । अग्निशमन सेवाले खोजी कुकुर, मानिसको उपस्थिति पत्ता लगाउने स्क्यानर र साना डुङ्गासहित ४३१ कर्मचारी खटाएको छ । राहत सामग्री बोकेका नागरिक तथा सैन्य विमानसमेत तिब्बत पुगेका छन् ।

रातभर वर्षा भइरहेकाले थप पहिरो र चट्टान खस्ने जोखिम उच्च रहेको अधिकारीहरूले बताएका छन् । यसले उद्धार कार्य थप चुनौतीपूर्ण बन्न सक्ने जनाइएको छ ।

# राष्ट्रिय विपत्‌मा सामूहिक प्रयासको खाँचो

● कृष्ण अधिकारी

काठमाडौँ, ११ भदौ । रसुवास्थित भोटेकोसी नदीमा हिजो बिहान गएको भीषण बाढीबाट भएको ठुलो जनधनको क्षतिपछि पुनः थप नोक्सानी हुन नदिन हालसम्मको क्षतिको यथार्थ विवरण, पारदर्शी राहत वितरण, जोखिममा रहेका नागरिकको सुरक्षा र दीर्घकालीन पुन:स्थापनामा सरकार, निजी क्षेत्र र सङ्घसंस्थाहरूको सामूहिक प्रयासको खाँचो औँल्याइएको छ ।

तत्काल उद्धारदेखि दीर्घकालीन पुन:स्थापनासम्म सरकार, निजी क्षेत्र र सामाजिक सङ्घसंस्थाबिचको प्रभावकारी सहकार्य अबको मुख्य आवश्यकता रहेको विज्ञहरूको भनाइ छ ।

विपद् व्यवस्थापन सरकारको एकल प्रयासले मात्र सम्भव नहुने हुँदा यस्तो बेला सरकारले उपयुक्त वातावरण तयार गर्ने, निजी क्षेत्रले स्रोत र प्रविधिको प्रबन्ध मिलाउने र सङ्घसंस्थाले समुदायसम्म प्रभावकारी सेवा पुऱ्याउन सक्दा मात्रै खोज उद्धार, प्रतिकार्यदेखि राहत पुन:स्थापनासम्मका प्रयासहरू सार्थक हुनसक्ने उनीहरू बताउँछन् ।

यतिबेला बाढीमा फसेका मानिसलाई सुरक्षित स्थानमा ल्याउनु मात्र नभई घाइतेको उपचार, शवहरूको व्यवस्थापन, विस्थापितलाई सुरक्षित आश्रय, खाद्यान्न, खानेपानी, औषधि र मनोसामाजिक परामर्श सेवासमेत पर्ने हुँदा यसतर्फ सबैको ध्यान जानुपर्ने देखिन्छ ।

बाढीलगायत प्राकृतिक विपद्को अवस्थामा प्रभावित जनतालाई आवश्यक राहतको व्यवस्था गर्न र उद्धार एवं पुन:स्थापनामा निजी क्षेत्रको भूमिका महत्त्वपूर्ण हुने गर्दछ । सेन्दाई फ्रेमवर्कले पनि विपद् प्रतिकार्यमा निजी क्षेत्रको सहभागितालाई औँल्याएको छ ।

नेपालको विपद् जोखिम न्यूनीकरणसम्बन्धीको कार्यढाँचाले पनि निजी क्षेत्रको सहभागिताको आवश्यकता उल्लेख गरेको छ । त्यसैले बहुविपद्को जोखिमयुक्त हाम्रोजस्तो देशमा विपद् जोखिम न्यूनीकरण र व्यवस्थापनमा बहुपक्षीय साझेदारी बहुतहगत प्रयास र सम्बद्ध पक्षहरूको निरन्तर क्रियाशीलता जरुरी हुने विपद्विद् मन थापा बताउनुहुन्छ ।

विपद् पूर्वतयारी सञ्जाल (डिपिनेट नेपाल) का अध्यक्ष डा. बसन्त अधिकारी सरकारले तत्कालै सूचना प्रवाह, क्षतिको वास्तविक अवस्था मूल्याङ्कन तथा सहायतालाई एकद्वार प्रणालीमार्फत कार्यान्वयनमा ल्याउनुपर्नेमा जोड दिनुहुन्छ ।

निजी क्षेत्रले सामाजिक उत्तरदायित्वअन्तर्गत बाढी प्रभावित क्षेत्रका बासिन्दालाई आवश्यक खाद्यान्न, लत्ताकपडा, औषधिलगायतका राहत सामग्रीको प्रबन्ध गरी सरकारलाई उपलब्ध गराउनुपर्ने तथा सङ्घसंस्थाहरूले पनि स्वंयसेवक परिचालन, स्वास्थ्योपचारको व्यवस्था, मनोवैज्ञानिक परामर्श सेवालगायतका सहयोग गर्नुपर्ने उहाँ बताउनुहुन्छ ।

गोरखा भूकम्पपछिको यो घटना ठुलो विपद् भएकाले देशभित्रको प्रयासले मात्र सम्भव नहुने हुँदा सरकारले बाढी प्रभावित क्षेत्रलाई विपद् प्रभावित क्षेत्र घोषणा गरी अन्तर्राष्ट्रिय सहयोगका लागि पनि तत्काल आह्वान गर्नुपर्ने उहाँको तर्क छ ।

सामाजिक तथा गैरसरकारी सङ्घसंस्थाको भूमिका विपद्मा अझ संवेदनशील हुने इन्ष्टिच्युट अफ हिमालयन रिक्स रिडक्सनका कार्यकारी निर्देशक सुरज गौतम बताउनुहुन्छ । विपद्का बेला विस्थापनसँगै महिला, बालबालिका, ज्येष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति तथा अन्य जोखिममा रहेका समूहको संरक्षण गर्नुको साथै लैङ्गिक हिंसा, यौन हिंसा, बेचबिखन, शोषण र दुर्व्यवहारको जोखिम बढ्न सक्ने भएकाले सुरक्षित आश्रयस्थल र संरक्षण संयन्त्र आवश्यक हुनेतर्फ नागरिक संस्थाहरूले ध्यानाकर्षण गर्नुपर्ने उहाँ बताउनुहुन्छ ।

प्रभावित क्षेत्रका जनतालाई प्रदान गरिने सहयोग मानवीय संवेदनशीलतालाई ख्याल गर्दै पारदर्शी र सरकारी समन्वयअन्तर्गत हुनुपर्छ । विगतका विपद्का घटनाहरूमा सस्तो लोकप्रियताका नाममा गरिएको भनिएका सहयोगबाट पाठ सिक्दै एउटै क्षेत्रमा अत्यधिक सामग्री थुपारिने र अर्को प्रभावित बस्तीमा आवश्यक सामग्री नपुग्ने अवस्था आउन नदिन स्थानीय निकायले ध्यान पुऱ्याउनुपर्ने हुन्छ ।

आफूखुसी राहत तथा सहयोग वितरण नगरी निजी क्षेत्र र स्वदेशी तथा विदेशी गैरसरकारी संस्थाहरूले गर्ने आर्थिक सहयोग प्रधानमन्त्री राहत कोषमा जम्मा गर्दा सरकारलाई राहत तथा पुन:स्थापनामा सहज हुने विपद् न्यूनीकरणका लागि दक्षिण एसिया नेटवर्कका अध्यक्ष अच्युत लुइँटेल बताउनुहुन्छ ।

विपद्को समयमा मानवीय संवेदनशीलतालाई ख्याल गर्नुपर्नेमा जोड दिँदै उहाँ बाढीमा बगाएर ल्याएका शवको उद्धार गर्नुपर्नेमा शवमा रहेका गरगहना लिन खोज्ने, ग्यासका सिलिण्डर टिप्न खोज्नेजस्ता व्यवहारले समाजमा नकारात्मक सन्देश गएको उहाँको भनाइ छ ।

रसुवा र सिन्धुपाल्चोक जिल्लामा रहेका भोटेकोसी नदी तिब्बतबाट बगेर आउने र त्यसको मुहानमा धेरै हिमतालहरू रहेकाले जलवायु परिवर्तनको प्रभावका कारण जुनसुकै बेला पनि विष्फोट हुनसक्ने सम्भावना रहेकाले ती नदी बैँसीमा बस्ती बस्ने र जलविद्युत् आयोजनाहरू निर्माण गर्ने प्रवृत्तिलाई निरुत्साहित गर्नुपर्ने उहाँको सुझाव छ ।

यस घटनाले पूर्वसूचना प्रणालीलाई अझ विश्वसनीय बनाउँदै सीमापार जलप्रवाह, मौसम पूर्वानुमान, नदीको जलस्तर र स्थानीय सूचना प्रणालीलाई एकीकृत गर्नुपर्ने खाँचो देखाएको छ । नेपाल र तिब्बततर्फबाट बाढीको पूर्वसूचना प्रणाली प्रभावकारी हुन नसक्दा ठुलो मानवीय क्षति हुन पुगेको बताउँदै भूकम्प प्रविधि राष्ट्रिय समाजका उपाध्यक्ष श्रीरामसिंह बस्नेत सूचना प्रणालीमा पुनरावलोकन गर्नुपर्ने खाँचो औँल्याउनुहुन्छ ।

विपद् सम्भावित क्षेत्रमा पूर्वसूचना प्रणालीका उपकरण, मोवाइल एसएमएस, सामाजिक सञ्जाल र स्थानीय रेडियोमार्फत जानकारी गराउन सकिने, पूर्वाभ्यास तथा सुरक्षित स्थानको बारेमा जानकारी गराउन आवश्यक रहेको उहाँ बताउनुहुन्छ ।

सरकारले रसुवा जिल्लाको रसुवागढी तथा तल्लो तटीय क्षेत्रमा भोटेकोसी नदीमा गएको भीषण बाढीबाट भएको जनधनको क्षतिप्रति दु:ख व्यक्त गर्दै प्रभावितको उद्धार, उपचार तथा पुन:स्थापनाका लागि तत्काल कदम चाल्ने निर्णय गरेको छ । घटनाको जानकारी भएलगत्तै मन्त्रिपरिषद्को बैठक बसी विपद्बाट प्रभावित जिल्लाका स्थानीय तहलाई तीन महिनाका लागि विपद् सङ्कटग्रस्त क्षेत्र घोषणा गर्ने निर्णय गरेको छ ।

प्रधानमन्त्री बालेन्द्र शाहले हिजै सामाजिक सञ्जालमार्फत सरकारको अहिलेको पहिलो प्राथमिकता घाइतेहरूको ज्यान जोगाउनु, बेपत्ता भएकाहरूको खोजी गरिनु र प्रभावित मानिसहरूलाई सुरक्षा दिनु रहेको बताउँदै सरकारले सम्पूर्ण ध्यान उद्धार, खोजी र राहतमा खर्चिएको बताउनुभएको थियो ।

बाढीको खबर प्राप्त हुनासाथ प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय र राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणमा छुट्टाछुट्टै उच्चस्तरीय 'एक्सन टिम' गठन गरी बिहानैदेखि खोजी तथा उद्धार सुरु गरिएको थियो । टिमले स्थानीय नागरिक, स्थानीयवासी र जनप्रतिनिधिसँग पहिलो चरणमा प्रत्यक्ष संवाद स्थापित गर्दै काम अघि बढाएको थियो । बाढीलगत्तै खटिएको 'ऱ्यापिड एक्सन टिम' को तीव्र सक्रियताका कारण उद्धार तथा राहत सहजीकरण प्रभावकारी बन्दै गएको छ ।

बाढीले मानव बस्ती, सडक, विद्युत्, सञ्चार तथा जलविद्युत् संरचनामा क्षति पुऱ्याएको छ । सरकारले समयमै नेपाली सेना, नेपाल प्रहरी र सशस्त्र प्रहरीलाई परिचालन गर्नुका साथै राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणलाई सक्रिय बनाएका कारण प्रभावित जनतालाई तत्कालै उद्धार गर्न सम्भव भएको थियो भने तल्लो तटीय क्षेत्रका बासिन्दालाई सुरक्षित स्थानमा जान गरिएको आग्रहले थप मानवीय क्षति हुन पाएन ।

सूचना तथा सञ्चारमन्त्री डा. विक्रम तिमिल्सिनाले बाढीबाट घाइते तथा उद्धार गरिएका व्यक्तिको स्वास्थ्य अवस्था र हराइरहेका व्यक्तिका परिवारजनका सदस्यसँग बिहीबार भेटघाट गर्नुभएको छ । मन्त्री डा. तिमिल्सिनाले सरकारले बाढी प्रवाहित क्षेत्रमा खोज, उद्धार र राहत वितरणलाई उच्च प्राथमिकता दिएको बताउनुभएको छ ।

बाढीका कारण दूरसञ्चार तथा विद्युत् आपूर्तिमा समेत प्रभाव भएका कारण उद्धार, राहत र पुर्नस्थापनामा समस्या आएको छ । यद्यपि, सरकारले ती स्थानमा माग र आपूर्ति व्यवस्थापनलाई उच्च प्राथमिकतामा राखेर तत्काल वैकल्पिक ढङ्गबाट सञ्चार सेवालाई सञ्चालनमा ल्याएका कारण विस्तारै अवस्था सहज बन्दै गएको छ ।


प्राकृतिक विपद्को घडीमा राजनीतिक मतभेदभन्दा नागरिकको जीवनरक्षा पहिलो प्राथमिकता हुनुपर्नेमा विभिन्न राजनीतिक दलका नेताहरू एक ठाउँमा उभिनु पनि विपतको अहिलेको समयको एक सुखद संयोग हो । अन्य समय आ-आफ्ना राजनीतिक एजेण्डामा फरक मत राख्दै आए पनि राष्ट्रिय विपत्‌का समयमा राजनीतिक दलहरूबिच एकसाथ रहने परम्परा यसपटकको विपद्मा पनि देखिएको छ ।

राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) का सभापति रवि लामिछानेले प्राकृतिक विपत्‌को सामना गर्न सरकार र सबै राजनीतिक दल एकढिक्का भएर राहत तथा उद्धारमा परिचालित हुन आह्वान गर्नुभएको छ भने अन्य राजनीतिक पार्टीहरूले पनि आआफ्ना नेता कार्यकर्ताहरूलाई बाढी प्रभावित क्षेत्रमा खटिई राहत उद्धार र पुनस्थापनामा क्रियाशील हुन निर्देशन दिएका छन् ।

विपत्ति त आयो, यसलाई रोक्न सकिने अवस्था पनि रहेन । तर, विपत्‌पछिको उद्धार र त्यसपछिको राहतका लागि राज्यका सुरक्षादेखि लिएर अन्य आवश्यक संयन्त्रहरूको समयमै परिचालन हुनु र राष्ट्रिय राजनीति नेतृत्वहरू विनाकुनै सर्त या सिमाना यो ढङ्गले उद्धार र राहतमा ऐक्यबद्ध हुनुले मुलुकमा जस्तोसुकै विपत्ति आइलागे पनि सबैले एक भएर सामना गर्न सकिन्छ भन्ने सन्देश दिन खोजेको छ । ***रासस***







# कार्की आयोगको प्रतिवेदनको सार सङ्क्षेप-९९

**प्रदर्शनको चरमोत्कर्ष र दमन**

बीआईसीसी पीटीजेडमा मेनगेट अगाडि भिडको माहोल शान्त रहेको बेला १३:१९ बजे ३५-४० जना सङ्ख्यामा रहेका बाइकसवार समूह प्रवेश भएको थियो । १३:३२ बजे प्रदर्शनकारीहरूले मेनगेट अगाडि ढलेका ब्यारिकेड सडकमा राखेर पम्पलेटसहित प्रदर्शन गरिरहेका थिए । यसैक्रममा १३:३४ बजे नगर प्रहरी ( सिटी पुलिस) को टोली गाडीबाट निस्केर शान्त प्रदर्शनकारीतर्फ बल प्रयोग गर्दै अघि बढेको थियो भने अन्य स्थानबाट प्रहरीद्वारा व्यापक रूपमा अश्रुग्यास प्रयोग गरी भिडलाई तितरबितर गरेको देखिन्छ । केही घाइतेलाई एम्बुलेन्सले उद्धार गरेको थियो ।

१३:३८ बजे प्रदर्शनकारीको आक्रोशित भिडले प्रहरीमाथि ढुङ्गामुढा गरेको देखिन्छ भने १३:४३ बजे घाइते प्रदर्शनकारी उद्धारका लागि दुई वटा एम्बुलेन्स आएका थिए । संसद् भवन सामुन्ने रहेको लुम्बिनी तन्दुरी भोजनालय अगाडि एकजना घाइतेलाई सीपीआर दिइँदै गरेको देखिन्छ ।

बानेश्वर चोक १ सीसीटीभीमा १२:१५ बजे प्रदर्शनकारीको एउटा समूह बानेश्वर चोकबाट पश्चिम गेटतर्फ लागेको थियो । १२:४२ बजे प्रदर्शनकारीद्वारा प्रहरी लक्षित ढुङ्गा प्रहार भएको थियो भने १२:५३ मा पर्खाल चढेर रेलिङ भाँच्न सुरु भएको थियो । १३:०९ मा आन्दोलनकारीद्वारा बानेश्वर चोकमा राखिएको ट्राफिक सङ्केत रहेको फलामे पोलको प्रयोग गरी बीआईसीसी बानेश्वर चोक पश्चिमतर्फको हाइपोइन्टतर्फको पर्खाल फुटाउन सुरु गरेको थियो । केही प्रदर्शनकारी संसद् परिसरमा प्रवेश गरेका थिए । १३:१५ बजे संसद् भवन परिसरमा रहेका प्रहरीलााई लक्षित गर्दै ढुङ्गा प्रहार गर्दा एक प्रदर्शनकारीलाई गोली लागी हातले बोकेर लगिएको थियो । १३:३३ बजे गोली लागेका घाइतेलाई व्हिलचेयरमा राखेर उद्धार गरेको देखिन्छ ।

१३:०० बजेबाट लागू हुने गरी जिल्ला प्रशासन कार्यालय काठमाडौँले राष्ट्रपतिको कार्यालय शीतलनिवास, उपराष्ट्रपतिको कार्यालय लैनचौर, नारायणहिटी दरबार सङ्ग्रहालय र सिंहदरबार क्षेत्रमा कर्फ्यु क्षेत्र विस्तार गरेको थियो । १३:२० बजेबाट अनलाइन मिडियामा पत्रकारहरूसमेत घाइते भएको समाचार आएका थिए । अनलाइन खबर डटकमले १३:४० बजे उपचारको क्रममा एक जनाको सिभिल अस्पतालमा मृत्यु भएको उल्लेख गरेको थियो भने रातोपाटी डटकमले १३:५४ बजे एक जनाको मृत्यु र ७० जना घाइते भएको समाचार प्रकाशित गरेको थियो । सिभिल अस्पताल इमर्जेन्सी सीसीटीभी अनुसार १३:०० बजे आसपास गम्भीर प्रकृतिका घाइतेहरूको चाप बढेको थियो भने १३:२४ मा एक जना घाइते पत्रकार इमर्जेन्सी कक्षमा उपचारार्थ आएको देखिन्छ ।

अरेबिका कफी शपको सीसीटीभीअनुसार १३:२० बजे गोलीले त्यहाँ अगाडिको सिसा फुटेको देखिन्छ भने बीआईसीसी पीटीजेड (अन्य सीसीटीभी क्यामेराभन्दा ४:३० सेकेन्ड ढिलो) अनुसार १३:१७ बजे एक जना प्रदर्शनकारी खुट्टामा चोट लागेर भागिरहेको देखिन्छ । त्यसपछि एउटा प्रदर्शनकारीको समूह मेनगेट नजिकका प्रहरीमाथि आक्रामक शैलीमा प्रस्तुत भएको थियो । सिभिल अस्पताल पीटीजेडमा १३:२१ बजे प्रदर्शनकारी मेनगेटतर्फबाट घाइतेलाई उचालेर अरेबिका कफी शपतर्फ भाग्दै गरेको देखिन्छ । रोलेक्स मोटो युट्युब च्यानलमा समेत अरेबिया कफी अगाडि प्रदर्शनकारीहरू गोली प्रहारबाट घाइते भएको देखिन्छ ।

**प्रदर्शनको अन्तिम चरण : आगजनी र थप गोली प्रहार**

सिभिल अस्पताल पीटीजेड र नेपाल कमर्स क्याम्पस सीसीटीभीमा १३:५६ बजे युनिग्लोब पोलिक्लिनिक रहेको भवनतर्फ प्रदर्शनकारीले ढुङ्गा प्रहार गरेका थिए । बीआईसीसी पीटीजेडमा १४:२२ बजे सशस्त्र प्रहरीको एम्बुलेन्स मेनगेट अगाडि आइपुगेको थियो र त्यसमा सवार सशस्त्र प्रहरीहरूलाई संसद् परिसरभित्र पठाई प्रदर्शनकारीहरूले एम्बुलेन्समा आगो लगाइदिएका थिए । गेट अगाडि सडकमा राखिएको मृतकलाई अर्को एम्बुलेन्समा राखेर लगेको देखिन्छ ।

ईओएन युट्युब च्यानलअनुसार बानेश्वर चोकमा १४:१५-१४:३० बजे एकजना विद्यार्थीलाई टाउकोमा गोली लागेको उल्लेख छ । एभरेस्ट होटल बानेश्वर पीटीजेडबाट १४:१४ बजे केहीलाई एम्बुलेन्सले बानेश्वर चोकबाट उद्धार गर्दै गरेको देखिन्छ भने सिभिल अस्पताल पीटीजेडबाट १४:२६ बजे एक जनालाई प्रदर्शनकारीद्वारा उद्धार गर्दै गरेको देखिन्छ ।

ईओएन युट्युब च्यानलमा विद्यार्थीलाई टाउकोमा गोली लागेको देखिन्छ भने संसद् भवनको पश्चिम ढोका र पानी ट्याङ्कीबिच रहेको सडकबाट सुरक्षाकर्मीले गोली प्रहार गरेको वेब खबर युट्युब च्यानलबाट देखिन्छ । नयाँ बानेश्वर चोक नजिक दक्षिण-पश्चिममा रहेको भवनको चौंथो तलामा रहेको हार्डफोर्ड कन्सल्टेन्सीमा १४:१८:१७ बजे झ्यालको सिसामा गोली लागेको देखिन्छ । नयाँ बानेश्वर चोक नजिक हार्वर्डको पूर्वी दिशामा भने संसद् भवनको दक्षिण दिशामा रहेको हिमालयन जाभामा रहेका त्यसका सञ्चालकको घाँटीमा गोली लागेको पाइन्छ । बानेश्वर चोक पीटीजेडमा १४:१६ बजे भिड संसद् भवनको पश्चिमतर्फ नयाँ बानेश्वर चोकबाट भागेको र १४:१७ बजे केही घाइतेलाई बोकेर लगेको देखिन्छ ।

१४:५० बजे प्रदर्शनकारीहरू संसद् भवनको दक्षिण गेटबाट हटिसकेका थिए र नयाँ बानेश्वर चोकमा केन्द्रित रही प्रदर्शन गरिरहेका थिए । नेपाल प्रहरी एवम् सशस्त्र प्रहरीले संयुक्त रूपमा नयाँ बानेश्वरतर्फ रहेका प्रदर्शनकारीलाई लक्षित गरी फर्मेसनमा ड्युटी लिएको देखिन्छ र स्थिति नियन्त्रणमा देखिन्छ । बीआईसीसी पीटीजेडमा १५:०५ बजे थाहा खबर, अरेबिका कफी अगाडि रहेका केही प्रदर्शनकारी मेनगेट अगाडि बढेसँगै नयाँ बानेश्वर चोकमा ठुलो सङ्ख्याका प्रदर्शनकारीसमेत संसद् गेटमा आइपुगेपछि सुरक्षाकर्मीले अश्रुग्यासलगायत प्रयोग गरेर प्रदर्शनकारीलाई तितरबितर बनाएका थिए । १५:१२ बजे खुट्टामा गोली लागेका घाइते प्रदर्शनकारी देखिन्छन् भने १५:१३ बजे केही घाइते प्रदर्शनकारीलाई दुईवटा एम्बुलेन्सले उद्धार गरेको देखिन्छ ।

बीआईसीसी पीटीजेडमा १५:५४ बजे नेपाली सेनाको टोली गाडीसहित संसद् भवनको मेनगेटमा आइपुगेपछि नयाँ बानेश्वर चोकमा रहेका प्रदर्शनकारी सुरक्षाकर्मीहरूको सुरक्षा फर्मेसन तोड्दै मेनगेटमा पुगेका थिए । गेटमा प्रदर्शनकारी चढ्ने तथा तोड्ने प्रयास गरेपछि १५:५९ बजे सुरक्षाकर्मीले त्यहाँ जम्मा भएको भिडलाई तितरबितर बनाएका थिए । १६:०९ बजे एकजना घाइते महिलालाई प्रदर्शनकारीहरूले बोकेर सिभिल अस्पतालतर्फ लग्दै गरेको देखिन्छ ।

# देशको अवस्थाबारे उब्जिएका प्रश्न

- हाम्रा पुर्खाले बेसींमा खेती गर्ने र डाँडामा बस्ती बसाल्ने परम्परा बनाएका थिए । प्राकृतिक जोखिमलाई बुझेर हो वा होइन त्यो परम्परा आज वैज्ञानिक दृष्टिले सही साबित भइरहेको छ । आधुनिक बस्ती विकासका नाममा नदी किनारै किनार सडक निर्माण गर्ने र बस्ती बसाल्ने सरकारी नीतिगत कमजोरीले प्राकृतिक विपत्ति थपिएको किन होइन ?
- भूगर्भशास्त्रीहरूले काठमाडौं उपत्यकाको जमिन भूकम्पीय जोखिम क्षेत्र र भारी संरचना थेग्न नसक्ने भएको विषय उठाउँदै छन् । सरकारहरूले काठमाडौं उपत्यकामा बसाइँसराइ तीव्र पार्दै सिमेन्ट, डण्डी, गिट्टी, ढुङ्गा प्रयोग गरी घर, भवन, पुललगायत भारी संरचना बनाउँदै छन् । यी संरचनाहरू जमिनमा भासिने र काठमाडौं उपत्यकाका बासिन्दा एक चिहान हुने खतरा बढ्दो छ ।

धनकुटामा निर्माण गरिएको १५ रोपनीमा फैलिएको खेलमैदान भासिने, दबिने तथा भवन प्यारापिट र पर्खालसमेत भत्किने सम्भावना दोहोरिएको पनि सार्वजनिक भएको छ ।


## प्रविधिको प्रयोग व्यवस्थित गरौं

- प्रविधिको प्रयोगलाई आवश्यक र उद्देश्यपूर्ण बनाऔं,
- परिवार र साथीभाइसँग प्रत्यक्ष संवाद र समय बिताउने बानी बसालौं,
- सामाजिक सञ्जालको जिम्मेवारीपूर्ण र मर्यादित प्रयोग गरौं,
- पारिवारिक र सामाजिक सम्बन्धलाई प्राथमिकता दिऔं,
- डिजिटल उपकरणको अत्यधिक प्रयोगबाट हुने नकारात्मक असरप्रति सचेत बनौं,
- बालबालिकालाई सुरक्षित, सन्तुलित र सिर्जनात्मक प्रविधि प्रयोगमा अभिप्रेरित गरौं,
- व्यक्तिगत गोपनीयता र साइबर सुरक्षामा विशेष ध्यान दिऔं,
- प्रविधिलाई मानव सम्बन्ध, शिक्षा, सेवा र विकासको सशक्त माध्यमका रूपमा प्रयोग गरौं।

प्रविधिको सही प्रयोग गरौं, मानविय सम्बन्ध बलियो बनाऔं।

नेपाल सरकार
विज्ञापन बोर्ड



## सिद्धि गणेश कर्नर

हरेक मङ्गलबार र शुक्रबार संस्थासम्बन्धी जानकारीका लागि पढ्ने गरौं ।




- विद्युत्/टी.भी./मोबाइल रिचार्ज/इन्टरनेट/टेलिफोनलगायतका महसुलको मोबाइल भुक्तानी सेवा ।
- सदस्यहरूबिच हरेक पटक रू.१,००,०००।-को दरले दैनिक ३ पटकसम्म रकमान्तरको सुविधा ।
- रू.१,०००।- देखिको कारोबारमा **SMS** सुविधा ।
- **E-Sewa** र **Khalti Digital Wallet** बाट सहकारीको खातामा रकम जम्मा गर्न सकिने ।
- घरमै बसी **Fund Transfer** मार्फत आफ्नो परिवारको नियमित/बाल/स्वास्थ्य/समृद्धि बचत खातामा रकम बचत गर्न सकिने ।
- आफ्नो खातामा रहेको रकम मौज्दात र सोको सङ्क्षिप्त विवरण प्राप्त गर्न सकिने ।
- **E-Sewa, Khalti Digital Wallet** तथा **Fone Pay App** को सुबिधा ।
- **Finger Print Login** को सुबिधा ।
- **Inter Bank Transfer** बाट आफ्नो **ऐच्छिक खाता**मा रहेको रकम बैङ्क खातामा रकमान्तरण गर्न सकिने ।

SMART QR
ACTIVATE NOW

मुख्य फाइदा

सजिलै आफ्नो बैङ्क खातामा रहेको रकम सिद्धि गणेश ऐच्छिक खातामा रकमान्तरण गर्नुहोस्

बैंक खाता → सिद्धि गणेश ऐच्छिक खाता

संस्थाको **Siddhi Ganesh Smart Banking App** मा **Smart QR** सुविधा सञ्चालनमा आएको हुँदा उक्त सेवा प्रयोग गर्न इच्छुक सदस्यहरूले आफ्नो **Smart Banking App** मा **KYC Update** का साथै आवश्यक प्रक्रिया पूरा गरी **Smart QR** सक्रिय गर्नुहुन सूचित गराइन्छ ।

'सर्वोत्कृष्ट वित्तीय समाधानका लागि सिद्धि गणेश'

**सिद्धि गणेश बचत तथा ऋण सहकारी संस्था लि.**

भ.न.पा-७,चोर्चा, भक्तपुर, फोन: ६६१३२०१, ६६२१२०१, सेवा केन्द्र(यातुगणेश-६६१९५४०, तेखापुखु-६६२१२००), स्वास्थ्य क्लिनिक ६६२१२०५
Website : www.sgsaccos.com.np, E-mail : sgsaccos@hotmail.com

ACCESS BRONZE



दर्ता नं.: ४७/०५५/५६ पान नं.: ३०१३७५१३९

"आपसी सहयोग, सद्भाव र सामूहिक हितका लागि सहकारी"

**सामूहिक बचत तथा ऋण सहकारी संस्था लि.**
Samuhik Saving & Credit Co-op. Society Ltd.
बोलाछें, भक्तपुर न.पा.-३, भक्तपुर । फोन नं.: ०१-६६१३५१२, ६६१११२४

## २८ औं वार्षिक साधारणसभासम्बन्धी सूचना

**प्रकाशित मिति : २०८३/०५/१२ गते**

यस संस्थाको मिति २०८३/०४/३१ गते बसेको सञ्चालक समितिको बैठकको निर्णयअनुसार संस्थाको २८ औं वार्षिक साधारणसभा तपसिलका प्रस्तावहरूमा छलफल गरी निर्णय गर्न निम्न मिति, समय र स्थानमा हुने भएकोले शेयर सदस्य महानुभावहरूलाई अनिवार्य उपस्थितिका लागि हार्दिक अनुरोध गरिन्छ ।

**छलफलका विषयहरू**

१. वार्षिक साधारणसभा सञ्चालन सम्बन्धमा,
२. संस्थाको वार्षिक प्रतिवेदन,
  क) आ.व. २०८२/०८३ को वार्षिक प्रगति प्रतिवेदन,
  ख) आ.व. २०८३/०८४ को नीति तथा कार्यक्रम अनुमोदन सम्बन्धमा,
३. संस्थाको आर्थिक प्रतिवेदन सम्बन्धमा,
  क) आ.व. २०८२/०८३ को वासलात, आयव्यय तथा अन्य वित्तीय विवरणहरू अनुमोदन सम्बन्धमा,
  ख) आ.व. २०८३/०८४ को अनुमानित वार्षिक बजेट सम्बन्धमा,
४. आ.व २०८२/८३ को लेखा सुपरीवेक्षण समितिको वार्षिक प्रतिवेदन सम्बन्धमा,
५. आ.व.२०८२/०८३ को बाह्य लेखा परीक्षकको प्रतिवेदन सम्बन्धमा,
६. आ.व.२०८३/०८४ को लागि बाह्य लेखा परीक्षक नियुक्ति र निजको पारिश्रमिक निर्धारण सम्बन्धमा,
७. सञ्चालक समितिको निर्णय अनुमोदन सम्बन्धमा,
८. संस्थाको विनियम २०५५ संशोधन सम्बन्धमा,
९. गैह्र वित्तीय सम्पत्ति सम्बन्धमा,
१०. साधारणसभाको निर्णयपुस्तिका प्रमाणित गर्न शेयर सदस्यहरूबाट प्रतिनिधि मनोनयन गर्ने सम्बन्धमा,
११. संस्था एकीकरण सम्बन्धमा,
१२. विविध ।

**कार्यक्रम**

**मिति :** २०८३ असोज ०३ गते, शनिबार
**नाम दर्ता समय :** बिहान ७ बजेदेखि
**औपचारिक कार्यक्रम :** बिहान १०:०० बजेदेखि
**स्थान :** सुभकामना पार्टी प्यालेस, कालाँचा, भक्तपुर

**नोट:**

- साधारणसभामा सहभागी हुँदा संस्थाको बचत पासबुक अनिवार्य ल्याउनुहोला ।
- नियमित बचत र ऋणको किस्ता बुझाउन बाँकी सदस्यले भदौ मसान्तसम्ममा बुझाइदिनुहुन हार्दिक अनुरोध गरिन्छ ।
- माथि प्रस्तुत कार्यसूचीहरूमाथि थप प्रस्ताव भएमा यो सूचना प्रकाशित मितिले ७ दिनभित्र संस्थाको केन्द्रीय कार्यालयमा सम्पर्क गर्नुहुन हार्दिक अनुरोध गरिन्छ ।


प्रकाशक तथा कार्यकारी सम्पादक: उद्धव सुजखु ★ सम्पादक: चक्रबहादुर चाकतु ★ कार्यालय: कमलविनायक, भक्तपुर, फोन नं. ६६१०९२१, फ्याक्स: ६६१३२०७, E-mail: majdurdaily@gmail.com ★ विज्ञापन शाखा: ६६१९१०७/६६२०५५९, E-mail: majdurdailybigyapan@gmail.com ★ मुद्रक: सिद्धिगणेश अफसेट प्रेस, चोर्चा